वर्ष : ११ | अंक : १२

# अर्थ र रोजगार

२०७९ असार | 2022 June.-July.

ARTHA RA ROJGAR राष्ट्रिय



श्रम मन्त्रीमा कुँवर

# विदेशमा बस्ने नेपालीलाई मताधिकार कहिले ?





मूल्य रु.80/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन दिनार ०.५/-, युएस 4 $/-




**Corporate** 9801902885 • **Kathmandu Valley** Balaju 4961786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 5325377, 5366517 • Kumaripati 5408781 Mitra Park 5241224, 5241033 • Ravibhavan 4670812

**Outside of Valley** Attaria 551244 • Baglung 520174 • Bardaghat 580727 • Bardibas 550552 • Bharatpur 526697 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 503095 • Birgunj 529667 Birtamod 590195 • Butwal 542725 • Butwal 437909 • Chandranigahapur 540739 • Damak 580690 • Damauli 560477 • Dang 563442 • Dhading 9860306631 • Dhangadi 417115 • Dhanushadham 414063 • Dharan 526522 • Gaidakot 502399 Gaur 521109 • Gaushala, Mahottari 556186 • Golbazar 540327 • Gulariya 420099 • Gulmi 520142 • Hetauda 525386 • Inaruwa 566498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 • Janakpur 527426 • Kalaiya 551526 Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Lamahi 540863 • Malangawa 521711 • Mahendranagar 520745 • Mirchaya 550803 • Narayanghat 532255 • Nepalgunj 551598 • Palpa 400639 Parsa 582862 • Parsa 561825 • Pokhara 589389 • Pokhara 522905 • Pyuthan 460464 • Rajbiraj 523542 • Simara 521520 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Taulihawa 561330 • Tikapur 560426 • Trisuli 9851105677 Tulsipur 522050 • Urlabari 540074 • Waling 440610



रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

PRABHU®
Money Transfer
प्रभुको इच्छा

# सिटी एक्सप्रेस मनि ट्रान्सफर मार्फत संसारको कुनै पनि ठाउँबाट सजिलै पैसा पठाउन र पाउन सकिन्छ ।

- १५,०००+ सेवा केन्द्रहरु
- वालेट ट्रान्सफर
- रियल टाइम ट्रान्सफर
- ग्राहक सेवा
- SMS सेवा
- Top-Up र बिलको भुक्तानी

**Follow us on:**

ctxpress.com
/ctxpressmt
/ctxpressmt
/cityexpressmt

CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर

जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस

सिटी एक्सप्रेस कम्प्लेक्स, कमलादी, काठमाडौं, फोन न.: ४४३१९००, टोल फ्रि न.: १६६०० ११ १२ १३

# यस अंकमा




८ **विदेशमा बस्ने नेपालीलाई मताधिकार कहिले ?**

जव जव नेपालमा निर्वाचनको माहोल तात्छ त्यसबेला विदेशमा रहेका नेपालीले पनि मतदान गर्न पाउनुपर्छ भनेर आवाज उठ्ने गर्दछ। स्थानीय तहको निर्वाचन सकिएर प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन नजिकिँदै जाँदा अहिले विदेशमा बस्ने नेपालीको मताधिकारको मुद्दाले निकै प्राथमिकता पाएको छ। यद्यपी विदेशमा रहेका नेपालीहरूको मताधिकारको विषयलाई लिएर पटक–पटक छलफल र बहस भएपनि अझै यो कार्यान्वयनमा आउन सकेको छैन। यसै विषयमा तयार पारिएको आवरण रिपोर्ट :



१२ वैदेशिक रोजगारीमा रहेका श्रमिकको सामाजिक सुरक्षा पहिलो प्राथमिकता



२१ समाजसेवामा **श्रेष्ठ दम्पत्ती**

३१ मिस नेपालको ताज प्रियंकालाई





वरिष्ठ निबन्धकार युवराज नयाँघरेको **लछुमनको डायरी** २६



**अनुभूति** शम्भु सुस्केरा २८

१५



नवनियुक्त श्रममन्त्री कुँवरद्वारा पदवहाली

जि.प्र.का. काठमाडौं द.नं. १३७/०६७/०६८

अर्थ र रोजगार
ARTHA RA ROJGAR राष्ट्रिय मासिक

वर्ष ११, अंक १२, २०७९ असार

रोजगार मिडिया प्रा.लि द्वारा प्रकाशित

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल

**सम्पादक**
उद्वव भट्टराई

**कार्यकारी सम्पादक**
सुमन गिरी

**सह-सम्पादक**
उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ (९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई, ९७४५६०९५७८
चिरञ्जिवी तिमल्सिना, ९७४७७०३६०३९
एमपी पोखरेल/कृष्ण दाहाल

**दक्षिण कोरिया प्रतिनिधि**
हयाङ चेम्जोङ

**प्रतिनिधि**
राजु थापा (क्यानडा), जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की
९८४९२५९२३५

**मूद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं, फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८, फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेल: artharojgar@gmail.com
www.rojgarmanch.com

# अर्थतन्त्र सुधारको खाँचो

नेपालको अर्थतन्त्रमा देखिएका नकारात्मक संकेतहरूले नेपालीलाई सर्तक बनाएको छ। लामो समयको कोरोना महामारी, रुस युक्रेनको युद्ध र विदेशीसँगको परनिर्भरताका कारण नेपाली अर्थतन्त्रमा असर देखिन थालेको छ। छिमेकी देश श्रीलंकामा देखिएको आर्थिक मन्दी अव बिस्तारै अन्य देशमा पनि नसर्ला भन्न सकिने अवस्था छैन। अर्थतन्त्रको राम्रो व्यवस्थापनले जनताको जीवनस्तरमा सुधार र असल शासनको अनुभूती हुन्छ। तर, आम्दानीभन्दा खर्च बढी गर्ने तथा खर्चको लागि स्रोत व्यवस्थापन गर्न नसक्ने र खर्चहरू पनि उत्पादक क्षेत्रमा नगरी अनुत्पादक क्षेत्रमा बढ्न थालेपछि जोखिमहरू आउन थाल्छन्। आन्तरिक उत्पादन र रोजगारी घट्दै जाने, लगानीमा आर्कषण घट्ने र व्यापार सन्तुलन बिग्रँदै जाने, भुक्तानी सन्तुलनमा नकारात्मक प्रभाव देखिने जस्ता कारणले अर्थतन्त्रको जोखिम बढाउँछ।

झण्डै ३ करोड जनसंख्या रहेको नेपालले गत बर्ष १५ खर्बको ब्यापार घाटा बिप्रेषणबाट भरपूरण गरेको छ। नेपालको वैदेशिक मुद्रा संचिति चैत्र मसान्तसम्म ९.५ बिलियन डलर रहेको र उक्त क्षमता साढे ६ महिनासम्मको आयात धान्न सकिने बताइएको छ। आयातको ठूलो हिस्ता रकम पेट्रोलियम पदार्थको खरिदमा नै गइरहेको छ।

नेपालजस्तै जनसंख्या रहेको श्रीलंका पर्यटन, कृषि, उद्योगजस्ता क्षेत्रबाट चलायमान देश हो। नेपालको भन्दा आर्थिक हैसियत माथि रहेको श्रीलंकामा आर्थिक संकट आउनुका विभिन्न कारणहरू रहेका छन्। श्रीलंकाले अल्पकालिन ऋणहरू लिएको, कर र भ्याटको सिलिङ घटाएको, कृषि उत्पादनमा गिरावट आएको, आतंकवाद र कोभिडले गर्दा पर्यटन क्षेत्रमा असर देखिएको, महत्वाकांक्षी आयोजनाहरूको व्यवस्थान गर्न नसकेको, ऋण व्यवस्थापन कार्ययोजना कमजोर रहेको, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध बढाउने विषयमा ध्यान नदिएका कारण टाट नै पल्टिएको घोषणा गरेको छ।

अर्थतन्त्रका सूचकहरूको आंकलन गर्दा नेपालको अवस्था सन्तोषजनक भन्न मिल्ने देखिँदैन। नेपालको अर्थतन्त्र पनि श्रीलंका जस्तो हुन सक्छ भन्ने तर्कहरू आएका छन्। नेपालको व्यापार घाटा चिन्ताजनक अवस्थामा नै रहेको छ। नेपालमा पनि खाद्यान्न आयात भएको, वैदेशिक लगानीमा उत्साहजनक अवस्था नभएको, उर्जासमेत महंगोमा आयात गर्नुपरेको, इन्धनमा व्यापक परनिर्भरता रहेको, अनुत्पादक क्षेत्रमा बढ्दो खर्च, पूँजीगत खर्च गर्ने परिपाटीमा सुधार हुन नसकेको, बजारमा तरलताको अवस्था, आन्तरिक लगानी गर्न सक्षम नदेखिएको र अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्दै गएको जस्ता समस्याहरू संवेदनशील रहेका छन्। बिलासिताका वस्तुको आयात बढ्दो अवस्थामा रहेकोले यसलाई नियन्त्रण गर्न ढिला भइसक्यो।

नेपालले अव अनुत्पादक खर्चलाई घटाउने र उत्पादनमूलक कार्यहरूमा खर्च गर्ने प्रणाली ल्याउनु पर्दछ। पूँजी निर्माण हुने, रोजगारी बढ्ने र कुल ग्राहस्थ उत्पादनमा वृद्धि हुने प्रकारका कार्यक्रमलाई प्राथमिकता दिन जरुरी छ। नेपालले अर्थतन्त्र सुधार गर्न व्यापार घाटा कम गर्ने, सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने, पर्यटन प्रर्वद्धन एवं विप्रेषण आयको प्रोत्साहन, लगानीमा वृद्धि गरी आन्तरिक उत्पादनमा जोड दिन आवश्यक छ।

अर्थतन्त्रमा होसियारी नपनाउने एवं समय तालिका अनुसार आर्थिक सूचकको मूल्याकंन गरी सुधारका रणनीति नअपनाउने हो भने नकारात्मक अवस्थाको सामना गर्नुपर्ने हुनसक्छ। यसका लागि सरकारले चलाखीपूर्ण कार्ययोजना बनाउनु पर्छ। नेपालको अर्थतन्त्र सुधारका लागि सरकार मात्र होइन आम नागरिकको व्यवहार तथा खर्च प्रणालीमा पनि मितब्ययिता आवश्यक छ। सबैले आआफ्नो जिम्मेवारी पुरा गर्ने हो भने हाम्रो अर्थतन्त्र अझ बलियो हुनेछ।




## सपना मात्र नबाँढियोस्

हरेक वर्ष प्रस्तुत गरिने बजेट बक्तव्यमा नयाँ र आशा लाग्दा कार्यक्रमहरू समेटने प्रयास गर्नु राम्रो पक्ष भएपनि कतिपय कार्यक्रमहरू लोकप्रियताका लागि ल्याउने तर कार्यान्वयन पक्षबारे नसोचिनाले ती कार्यक्रमहरू बक्तव्यमै मात्र सीमित भएका छन् ।

'ल्हासामा सुन छ कान मेरो बुच्चै' भनेजस्तो योजना छ तर उपयोग छैन भने त्यस्ता कार्यक्रमको के नै औचित्य छ र ? यसर्थ सपना मात्र बाढने भन्दा पनि लागू गराउन सकिने कार्यक्रम मात्र बजेटले समेटे धेरै राम्रो हुने थियो ।

*- उज्जवल घिमिरे, पोखरा*

चाहे चुनावको समयमा राजनैतिक दलका घोषणापत्रमा होस या त बजेटमा होस्, उद्यमशिलता बढाउने र स्वरोजगार बनाउने योजनालाई उच्च प्राथमिकता दिइए पनि आजसम्म न त वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या नै घटेको छ, न त बेरोजगारीको संख्या नै घटेको छ । यस्ता नारा र योजनाले कहिलेसम्म युवावर्गलाई भुक्याइरहने हो ?

*- विमला पाण्डे, बुटवल*

## गजल



**■ आकाश अधिकारी**

मरुभूमिसँग दाँजेर हेर्नू जिन्दगी बगर जस्तै लाग्छ ।
धरहराबाट हेर्दा भने काठमाडौ शहर जस्तै लाग्छ ।

भीमसेन र ओलीलाई एउटै तराजुमा राखेर हेर्दै छु ।
निष्कर्षमा सेतो टावरले ताकेको सगर जस्तै लाग्छ ।

हनुमानले पहाड उचालेर समुन्द्रमा राखेका रहेछन् ।
नेपालबाट लंका नियाल्दा भुँई कटहर जस्तै लाग्छ ।

मन मस्तिष्कमा दुबिधा पालेर बाँच्नेहरूको जिन्दगी ।
ॠतु मध्यकै शरद र बसन्त पनि पतझर जस्तै लाग्छ ।

आत्मविश्वास रहेसम्म ढुंगा पनि भगवान कहलाउँछ ।
त्यो प्रीय आकाश आजभोलि खण्डहर जस्तै लाग्छ ।

## परिवन्धले विदेशिने धेरै छन्

लेखक युवराज नयाँघरेले 'उन्मुक्ति कहिले ?' लेखमा विदेशिन बाध्य भएका धेरै नेपालीको यर्थाथपरक आवाज उठाउँनुभएको रहेछ । वास्तवमै धेरै नेपाली युवाहरू घरपरिवार चलाउन मात्र नभएर कुनै न कुनै परिवन्धमा परेरै विदेशीएका हुन । सकभर आफ्नो देश छाडेर अरुको मुलुक जान कस्लाई पो मन लाग्छ र । तर, खै यस्ता परिवन्धबाट कहिले पो मुक्ति मिल्ला र ।

*- सीता सेढाँई, काठमाडौं*

## दक्ष जनशक्ति नहुनु दूर्भाग्यपूर्ण

अर्थ र रोजगार पत्रिकामा नेपाली जुत्ता उत्पादकहरूको संस्थाका अध्यक्ष नानीराम घिमिरेको अन्तर्वार्ता पढने मौका मिल्यो । उहाँले अन्तर्वार्तामा दक्ष कामदारको अभाव रहेको उल्लेख गर्नुभएको रहेछ । हाम्रा युवाहरू ३०-४० हजार कमाउन विदेश धाइरहदा जुत्ता बनाउने दक्ष कामदार चाहि भारतबाट ५० औ हजार पारिश्रामिक दिनुपर्ने गरी ल्याउनुपर्ने अवस्था वास्तवमै दूर्भाग्यपूर्ण छ । सरकारको ध्यान यतातर्फ कहिले जाला कुन्नी ।

*- आशिष कार्की, युएई*



**प्रिय पाठकवर्ग तपाईहरूलाई हाम्रो पत्रिकाको बारेमा केही सल्लाह, सुझाव दिनु परेमा तथा रचना उपलब्ध गराउनु परेमा यस ठेगानामा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**



पो.ब.नं. १२०१८, काठमाडौं, फोन नं. ०१-४४३१०४३
इमेलः rojgaranch@gmail.com, www.rojgaranch.com

## बचतपत्रमा आकर्षक स्कीमहरू ल्याइनुपर्‍यो




वैदेशिक रोजगार बचतपत्रको बारेमा विगतदेखि नै सुन्दै आएपनि मलाई भने यसमा खासै रुची जागेको छैन । हामी निम्न आय भएका श्रमिकको वचत पनि खासै नहुने भएको हुदा केवल व्याजकै लागी मात्र बचतपत्र किन किन्नु र ? व्याज त बैंकमै राख्दा पनि पाई हालिन्छ नि ! यसैले बचतपत्रमा व्याजबाहेक अन्य फाइदाजनक स्कीमहरू पनि हुने हो भनेचाहि केहि सोच्न सकिन्थ्यो की !

*- कुमार रिमाल, कतार*



# विदेशमा बस्ने नेपालीलाई
# मताधिकार कहिले ?

**नेपालमा भर्खरै स्थानिय तहको निर्वाचन सम्पन्न भएको छ। यसै वर्ष प्रदेश र प्रतिनिधीसभाको पनि निर्वाचन हुँदैछ। स्थानिय निर्वाचनमा विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागी गराउन नसकिए पनि अब हुन लागेको प्रदेश र प्रतिनिधीसभाको निर्वाचनमा सहभागी गराउन दबाब सृजना भएको छ।**

■ उद्धव भट्टराई/सुमन गिरी

'कतारको रियाल, कोरियाको वन, जापानको एन, अष्ट्रेलिया र अमेरिकाको डलर चल्ने, बाहिर बस्ने नेपालीहरूको जुनसुकै रङको नोट चल्ने अनि तिनको भोट किन नचल्ने ?' नेपाली काँग्रेसका महामन्त्री बिश्वप्रकाश शर्माले दिएको यो सार्वजनिक अभिव्यक्तिले विदेशमा बस्ने नेपालीको मताधिकारको आवाज बोल्छ।

जब जब नेपालमा निर्वाचनको माहोल तात्छ त्यसबेला विदेशमा रहेका नेपालीले पनि मतदान गर्न पाउनुपर्छ भनेर आवाज उठ्ने गर्दछ। स्थानीय तहको निर्वाचन सकिएर प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन नजिकिदै जाँदा अहिले विदेशमा बस्ने नेपालीको मताधिकारको मुद्धाले निकै प्राथमिकता पाएको छ। यद्यपी विदेशमा रहेका नेपालीहरूको मताधिकारको विषयलाई लिएर पटक-पटक छलफल र बहस नभएका होइनन्।

नेपालको संविधानले पनि १८ वर्ष उमेर पुगेका नेपाली नागरिकलाई बालिग मताधिकारको अधिकारको प्रत्याभूत गरेको छ। तर अहिलेसम्म स्वदेशमा रहेका नेपालीले आफ्नो मताधिकार उपयोग गर्न पाएपनि विदेशमा रहेका नेपालीहरू भने मताधिकारको पहुँचबाट बञ्चित रहेका छन। संविधानको धारा ८४ (५) मा १८ वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई संघीय कानुनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था हुँदाहुदै पनि विदेशमा रहेका नेपालीले त्यो अधिकार अझै प्राप्त गर्न सकेका छैनन्।

प्रवासमा रहेका नेपालीको मताधिकारको विषयलाई लिएर अधिकारकर्मी संघसंस्था, गैरआवासीय नेपाली संघ तथा सरोकारवालाले विगतदेखिनै आवाज उठाउदै आइरहे पनि त्यो अझै कार्यान्वयन हुन सकेको छैन। यता राजनैतिक दलहरू, निर्वाचन आयोग र सरोकारित निकायहरूले मताधिकार दिनका लागि प्रतिवद्ध रहेको जनाइरहे पनि यसको कार्यान्वयनले सार्थकता पाएकै छैन।

सर्वोच्च अदालतले २०७४ चैत ७ गते सरकारको नाममा निर्देशनात्मक आदेश जारी गर्दै विदेशमा रहेका नेपाली नागरिकलाई पनि मताधिकारको प्रयोग गर्न दिनु भन्ने आदेश दिएको ४ बर्ष बितिसक्दा पनि यो कार्यान्वयनमा आउन सकेको छैन। न्यायाधीश सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले निर्वाचनमा मताधिकार सुनिश्चितता हुने व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, व्यवस्थापिका संसद्, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, कानुन मन्त्रालय र निर्वाचन आयोगका नाममा आदेश जारी गरेको थियो।

सर्वोच्चले संविधानले कुनै पनि नागरिकलाई मताधिकारवाट बञ्चित गर्ने परिकल्पना नगरेको भन्दै कानुन बनाएर विदेशमा रहेका सबै नेपाली नागरिकको मताधिकारको सुनिश्चिता गर्न भनेको थियो। फैसला कार्यान्वयनका लागि सरकारले एकीकृत कानुन

मस्यौदा बनाएर मन्त्रिपरिषद्मा पेश गरेपनि उक्त मस्यौदा संघीय संसद्बाट पारित गराएर कार्यान्वयनको चरणमा ल्याउन ढिलाई भैरहदा सरकार र राजनीतिक दलहरूको मताधिकार दिने विषयमा इच्छाशक्ति नै नभएको आरोप लाग्ने गरेको छ।

सर्वोच्चको आदेशपछि विदेशमा रहेका नेपालीहरूले पनि मतदान गर्न पाउने व्यवस्थाबारे निर्वाचन आयोगले विभिन्न समयमा अध्ययन गरेर प्रतिवेदनहरू तयार गरेको छ। यस अवधिमा आयोगले खाडीका विभिन्न मुलुकमा संभाव्यता अध्ययनका लागि भ्रमण टोली पठाएर अध्ययन गरेको भएपनि सबै प्रतिवेदन सुझावमै मात्र सीमित भएका छन्।

नेपालमा भर्खरै स्थानिय तहको निर्वाचन सम्पन्न भएको छ। यसै वर्ष प्रदेश र प्रतिनिधीसभाको पनि निर्वाचन हुँदैछ। स्थानिय निर्वाचनमा विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागी गराउन नसकिए पनि अब हुन लागेको प्रदेश र प्रतिनिधीसभाको निर्वाचनमा विदेशमा रहेका नेपालीले मतदान गर्ने वातावरण बनाउनु पर्ने आवाज जोडतोडका साथ उठिरहेको छ।

वैदेशिक रोजगार वा अवसरको खोजिमा अहिले झण्डै ५० लाखभन्दा बढी नेपाली प्रवासीभूमिमा रहेका छन्। उनीहरूले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र चलायमान भैरहदा देशको नेतृत्वतहका लागि हुने निर्वाचनमा भने भोट दिन पाउने अधिकारबाट बञ्चित हुनु दुःखदायी भएको सुरक्षित आप्रवाशनका लागि राष्ट्रिय सञ्जालका पूर्वअध्यक्ष अशोक राना बताउँछन्। 'विदेशमा रहेका नेपाली र कार्यस्थलमा रहेका श्रमिकहरूलाई मताधिकारबाट बञ्चित गराउन हुँदैन भनेर हामीले दवाबमूलक अभियान नै चलाइरहेका छौं' रानाको भनाइ छ। प्रवासी नेपालीले पनि 'नोट चल्ने तर भोट किन नचल्ने' भनेर पटक-पटक सरकारसँग गुनासो पोखिरहेका छन्।

प्रवासी नेपालीहरूको यही भावानालाई बोकेर नेपाली काग्रेसका महामन्त्रीद्धय विश्वप्रकाश शर्मा र गगन थापाले उनीहरूको मताधिकारको लागि आवाज उठाएका छन्। महामन्त्रीद्वयले प्रधानमन्त्री शेरबहादुर देउवा र प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई भेटेर विदेशमा रहेका नेपालीको मताधिकारको विषयमा ध्यानाकर्षण गराएका छन्। 'हामीले यो आवाज विगतदेखि नै उठाउदै आएका हौ, प्रधानमन्त्रीज्यू पनि यस विषयमा सकारात्मक हुनुहुन्छ, अव यसमा ढिलाई गरिनु हुन्न' महामन्त्री शर्माले भने-'प्रमुख निर्वाचन आयुक्तलाई पनि भेटेर पार्टीकातर्फबाट ध्यानाकर्षण गराएका छौ, आयोगले आन्तरिकरुपमा कानुन निर्माणको काम भैरहेको र चाँडै यो विषय अघि बढाउने विश्वास दिलाएको छ।'

राष्ट्रियसभाकी सांसद कमला पन्तले संसदमा बोल्दै मतदान गर्न पाउने नागरिकको अधिकार कुण्ठित गर्न नहुने बताएकी छिन्। 'विदेशमा नेपाली नागरिकता नै बोकेर बस्ने नेपालीहरू अर्थात कामको खोजीमा गएर विदेशमा बस्ने नेपालीहरूले मतदान गर्ने अधिकार नपाउनु भनेको गम्भीर विषय हो जस्तो मलाई लाग्छ' संसदमा बोल्दै पन्तले भनेकी छिन् -'सर्वोच्च अदालतले फैसला पनि गरिसकेको छ, कुल मतदाताको झन्डै २० प्रतिशत विदेशी भूमिमा छन् ति नागरिकको नैसर्गिक अधिकार प्रयोगबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु।'

### राजनैतिक दल र निर्वाचन आयोग सकारात्मक

विदेशमा बस्ने नेपालीहरूको मताधिकारको विषयमा असार पहिलो साता गैरआवासीय नेपाली संघले सरोकारवालाहरू राखेर बृहत सेमिनार कार्यक्रम आयोजना गरेको थियो। सेमिनारमा एनआरएन अभियान्ता, राजनैतिक दलका नेताहरू, निर्वाचन आयोग, सरोकारित मन्त्रालयका प्रतिनिधी सबैले विदेशमा रहेका नेपालीको मताधिकारको व्यवस्था सुनिश्चितता गर्नुपर्नेमा जोड दिएका थिए।

मताधिकार सबै नागरिकको नैसर्गिक

## सबैलाई मताधिकार दिलाउन जुटिरहेका छौं



**बालकृष्ण खाँड**, गृहमन्त्री

सबै नेपालीले मताधिकार पाउनुपर्छ भन्ने मेरो सुरुदेखिकै धारणा हो। अझ विदेशका विकसित र प्रजातान्त्रिक मान्यता रहेका देशमा बसिरहनुभएका नेपालीले मताधिकार पाउदा नेपालमा पनि स्वतन्त्रको पक्षमा, मानवअधिकारको पक्षमा, लोकतन्त्रको पक्षमा, नागरिक अधिकारको पक्षमा अझै जनमत बढेर जाला भन्ने लाग्छ। त्यसकारण पनि यो प्रावधान चाँडो लागू होस् भन्ने मध्येमा म पनि हो।

संसारभरि रहनुभएका नेपालीहरूलाई मताधिकार दिईयोस् भनेर हामीले प्रधानमन्त्रीदेखि निर्वाचन आयोगसँग लामो छलफल पनि गरेका छौं। त्यसमा हामी पोजेटिभ नै छौ। यसमा कानुनको समूचित प्रबन्धको कुरा छ, त्यसका लागि केही समय लाग्छ होला। यसमा जतिसक्दो चाँडो सबैले काम गरौं।

अहिलेको निर्वाचन पद्धतिले विदेशमा रहेका नेपालीलाई कार्यस्थलबाटै मतदान गर्ने व्यवस्था मिलाउन भने धेरै नै कठिन छ। किनकी हामीले अहिले इलेक्ट्रोनिक्स भोटिङ मेसिन पनि प्रयोग गर्न सकेका छैनौं। यसका लागि धेरै पूर्वाधारहरू विकास गर्न आवश्यक छ। त्यो पद्धतलाई बदल्न र त्यसलाई विश्वसनिय बनाउन सक्ने अवस्था रहन्छ कि रहँदैन त्यसमा पनि निर्वाचन आयोग, राजनीतिक दल र नेपाल सरकारबीच गम्भीर परामर्श हुनु जरुरी छ।

## कानूनी बाटो खुलाउन जरुरी छ



**दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

निर्वाचन आयोगलाई सबैभन्दा बढि प्रश्न विदेशमा बस्ने नेपालीहरूको मताधिकारको सन्दर्भमा आयोगले के गरिरहेको भन्ने नै आउने गरेको छ। आगामी निर्वाचनमा मताधिकार पाउने कि नपाउने भन्नेमा स्पष्ट हुनुपर्छ। त्यसका लागि मतदाता नामावलीमा नाम दर्ता आवश्यक हुन्छ। नाम भएकाहरूले स्वदेशमा आएर मत हाल्न पाउनु हुन्छ। तर, विदेशबाटै मतदान गर्न पाउने विषयमा आयोगले विभिन्न अध्ययन गरेको छ। अब प्रतिवेदनमा आएका सुझावलाई कानुनमा समावेश गर्ने विषय सबभन्दा पहिलो विषय हो। अहिले निर्वाचन आयोग निर्वाचन सम्बन्धी कानुन तर्जुमा गर्ने प्रकृयामा छ। चाडै त्यो कानुन नेपाल सरकारलाई पठाउँदै छौ र त्यो कानुनले विदेशमा बस्ने नेपालीको मतदानको अधिकार, व्यवस्थालगायतलाई प्रष्ट गरेपछि मात्र कानूनीरुपमा बाटो खुल्छ। अहिलेको कानून अनुसार आयोगले विदेशमा बस्ने नेपालीलाई समेट्न सक्दैन।

आवाज उठाउन वा बोल्न जति सजिलो छ तर त्यसलाई कार्यान्वयन गर्न अत्यन्त कठिन भएको हुनाले विषयबस्तुलाई गम्भीरतापूर्वक लिन आवश्यक हुन्छ। कानुनले दिएको अधिकारभित्र रहेर जहिले पनि तथा जहाँ गएर पनि निर्वाचन गराउन आयोग तयार र प्रयत्नशिल छ। साथै आगामी आर्थिक वर्षदेखि हामीले विदेशमा रहेका केहि नेपाली दूतावासहरूमा अनलाइन प्रणालीबाट मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था प्रारम्भ गर्ने तयारी गरिरहेका छौ।




अधिकार भएको र यो अधिकारबाट गैरआवासीय नेपालीहरू बञ्चित गराइनु हुँदैन भनेर एनआरएनएले विगतदेखिनै अनुरोध गरेको एनआरएनएका पूर्वअध्यक्ष जिवा लामिछाने बताउँछन् । आजभन्दा १० वर्ष अगाडि जतिबेला आफु संघको नेतृत्वमा हुँदा नै निर्वाचन आयोगका तत्कालिन सचिव शंकरप्रसाद कोइरालाको अध्यक्षतामा एउटा कमिटी नै गठन भएर विदेशमा भएका नेपालीहरूलाई भोट दिने व्यवस्था मिलाउनका लागि गृहकार्य सुरु भएपनि अहिलेसम्म त्यसले मूर्तरुप पाउन नसक्नु विडम्बना भएको लामिछानेको भनाई छ ।

'त्यो कमिटीले गैरआवासीय नेपाली संघलाई नेपालीहरू रहेका देशमा के-कस्ता प्रावधान छन भनेर सहयोग मागेको थियो हामीले त्यसको रिपोर्ट बनाएर बुझाएका पनि थियौं' लामिछाने भन्छन -'अहिलेसम्म खोइ त त्यसको कार्यान्वयन ?' यस्तै एनआरएनएका उपाध्यक्ष नरेन्द्र भाटले संविधानले दिएको अधिकार सुनिश्चित गर्न विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्नुपर्छ भनेर एनआरएनएले छुट्टै अभियान थाल्ने बताएका छन् ।

गैरआवासीय नेपालीको नागरिकता र मताधिकारको विषयलाई निष्कर्षमा पुऱ्याउनको लागि सबै राजनैतिक दलहरू एक ठाउँमा उभिएको संविधानसभाका अध्यक्ष एवं प्रतिनिधीसभा सदस्यसमेत रहेका नेकपा एमालेका नेता सुवासचन्द्र नेम्बाङको भनाई छ । 'कतिपय कमिकमजोरीका वाबजूत अहिले सबै अप्ठ्याराहरूलाई फुकाएर एउटा निष्कर्षमा पुऱ्याउने काममा दल र दलका नेताहरू प्रतिवद्ध छन भन्ने मलाई विश्वास छ' उनले भने ।

निर्वाचन लोकतन्त्रको मुटु भएकाले एउटा नागरिकले देशको विकास निर्माण र अग्रगमनको लागि आफूलाई सहभागी गराउन खोजिरहेको छ भने त्यसलाई सम्मान गर्नुपर्ने बताउदै नेकपा एमालेका सचिव तथा प्रतिनिधीसभा सदस्य योगेश भट्टराईले सर्वोच्च अदालतको आदेशपछि त्यसको कार्यान्वयनका लागि निर्वाचन आयोगले उपाय खोजिरहेकोमा आयोगको त्यो प्रयत्नप्रति आफ्नो पार्टीको तर्फबाट पूर्णरुपमा साथ र समर्थन रहेको बताए । 'विदेशमा बस्ने धेरै नेपालीहरू मतदाता नामावलीमा छुट्नुभएको छ, कतिपयले नाम भएर पनि मतदान गर्न पाउनुभएको छैन,' भट्टराईले भने- 'विदेशमा भएका सबैलाई समेटन सकिएको भए अरु २०-२५ लाख मतदाता थपिन्थे होला, उहाँहरू मताधिकारको पहुँचमा पुगेको भए नेपालमा अझै योग्य र राम्रा उम्मेदवारहरू छनोट हुन्थे की ?'

बाध्यताले रोजगारीको लागि विदेशमा जाने नेपालीहरूले मताधिकार माग्नुपर्ने नभई दिनुपर्ने नेकपा एकीकृत समाजवादीका नेता शिवप्रसाद शाह बताउँछन । उनले आउदो निर्वाचनमा विदेशमा रहेका नेपालीलाई मताधिकारको पहुँचमा पुऱ्याउने गरी काम गर्न निर्वाचन आयोगलाई सुझावसमेत दिएका छन् । यस्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का प्रमुख सचेतक लक्ष्मणलाल कर्णले प्रधानमन्त्रीको प्रतिबद्धता आइसकेको विषय भएकाले यसलाई तत्काल कार्यान्वयनमा लैजान पहल थालिनुपर्ने बताए ।

नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे बर्षौंदेखि उठिरहेको विदेशमा रहेका नेपालीको मताधिकारको मुद्दा तुरुन्तै समाधान हुनसक्ने धारणा राख्छन् । उनी भन्छन- 'यही संसदको यही सेसनभित्र हामी यसलाई टुंगो लगाउन सक्छौ, अहिले पनि हामीले टुङ्याउन सकेनौ भने ५ वर्षदेखि हामी सबैले गर्दै आएको प्रयास खेर जान्छ, यसैले विदेशमा रहेका नेपालीलाई मताधिकार दिलाउने विषय तुरुन्त प्रोसेसमा अगाडि लिएर जाउँ भन्ने मेरो आग्रह छ ।'

विदेशमा रहेका नेपालीलाई मताधिकार दिलाउने प्रावधान चाँडो भन्दा चाडो लागू होस् भनेर आफु स्वयं यसभन्दा अघिल्लो प्रमुख निवार्चन आयुक्तकै पालामा पनि पार्टीकोतर्फबाट डेलिगेसन लिएर गएको बताउँदै गृहमन्त्री बालकृष्ण खाँडले प्रधानमन्त्रीलाई पनि यस विषयमा जोड दिन आग्रह गरिरहेको र यो विषयमा सबै सकारात्मक रहेको बताए ।

'संसारभर छरिएर रहेका नेपालीको मतदानको अधिकार सुनिश्चित हुनुपर्छ, यसका लागि कानुनको समूचित प्रबन्ध गर्नुपर्ने हुँदा केहि समय लाग्ला यो गरौ' उनी भन्छन- 'यसका लागि सबैभन्दा पहिला हामीले मतदानको पद्धति बदल्न सक्नुपर्छ, त्यसका लागि धेरै पूर्वाधारहरूको तयारी गर्नुपर्छ । अहिले हामीले इलेक्ट्रोनिक्स भोटिङ मेसिन पनि प्रयोग गर्न सकेका छैनौ, मतदानको पद्धति बदल्न र त्यसलाई विश्वसनिय बनाउन सक्ने अवस्था कायम गर्न निर्वाचन आयोग, राजनितिक दल र नेपाल सरकारबीच गम्भीर परामर्श हुनु जरुरी छ ।'

निर्वाचन आयोगमा सबैभन्दा धेरै प्रश्न नै विदेशमा बस्ने नेपालीहरूको मताधिकारको सन्दर्भमा आउने गरेको सुनाउदै प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया बैठक, सेमिनार, सभा र भाषणमा मात्र यो विषय उठाउने नभएर यसको समस्या र निदान खोज्नु आजको आवश्यकता रहेको बताउँछन ।

विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने विषयमा आयोगले व्यापक रुपमा अध्ययन गरिरहेको प्रमुख निर्वाचन आयुक्त

## मतदाता नामावलीमा नाम छुटाउनु भएन



**जीवा लामिछाने**
पूर्वअध्यक्ष, एनआरएनए

मताधिकार सबै नागरिकको नैसर्गिक अधिकार हो र सबै गैरआवासीय नेपालीहरू पनि मतदानको अधिकारबाट बञ्चित हुनु हुँदैन भन्ने माग हामीले सुरुवातबाटै उठाँउदै आएका हौ । आजभन्दा १० वर्ष अगाडि जतिबेला म संघको नेतृत्वमा थिए ।

त्यतिबेला निर्वाचन आयोगका तत्कालिन सचिव शंकर प्रसाद कोइरालाको अध्यक्षतामा एउटा कमिटी नै गठन भएर विदेशमा रहेका नेपालीको मताधिकारको विषयमा केही अध्ययन गरेका थियौं । विदेशमा रहेका धेरै नेपालीको मतदाता नामावलीमा नाम नै छैन । मेरो आफ्नै कुरा गर्नुपर्दा पनि विगत २० वर्षदेखि विदेशमा बस्दै आएता पनि म नेपाली पासपोर्टवाहक नै हुँ र मैले स्वदेशमा आएर मतदान गर्न सक्छु । तर नाम दर्ता नगरेकाले नेपालमै हुँदा पनि ४ वटा निर्वाचनमा मैले मताधिकार प्रयोग गर्न पाइन । यसैले नामावली दर्ता गर्न योग्य नेपालीहरूले स्वदेश आएको बेला आफ्नो नाम मतदाता नामावलीमा दर्ता गर्न नभुलौ भन्ने आग्रह गर्दछु ।

थपलियाको भनाई छ। 'हामीले यस विषयमा प्रशस्त अध्ययन गरेर प्रतिवेदन तयार पारेका छौं, कुन-कुन देशमा कस्तो अवस्था छ, हामी के गर्दै छौं र के गर्न सक्छौं भन्ने कुराहरू प्रतिबेदनमा समेटिएका छन्' उनले भने -'प्रतिवेदनमा आएका कुरा कानुनमा समावेश गर्ने विषय सबभन्दा पहिलो विषय हो, अहिले आयोग कानुन तर्जुमा गर्ने प्रकृयामा छ र चाँडै त्यो नेपाल सरकारलाई पठाउँदै छौं, त्यो कानुनले विदेशमा बस्ने नेपालीहरूको मतदानको अधिकारलाई अझ प्रष्ट गरेर पठाउँछ।'

'बोल्न जति सजिलो छ तर त्यसलाई कार्यन्वयन गर्न अत्यन्त कठिन भएको हुनाले यो विषयबस्तुलाई गम्भीरतापुर्वक लिनुहुन अनुरोध गर्दछु' थपलियाले भने -'कानुनले दिएको अधिकारभित्र जहाँ गएर पनि निर्वाचन गराउँनको निम्ति आयोग सँधै तयार र प्रयत्नशिल छ।'

## कार्यस्थलबाट नै मतदानको अधिकार पाउनुपर्छ



**अशोक राना**, पूर्वअध्यक्ष
सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल

विदेशमा रहेका मात्र होइन स्वदेशमा नै कार्यरत श्रमिकहरूले पनि कार्यस्थलबाट नै मतदान गर्न पाउने व्यवस्था गरियोस् भन्दै हामीले अभियान थालेका छौं। स्वदेश तथा विदेशमा रहेका मताधिकारको उमेर पुगेका नेपाली नागरिकहरूको मतदाता नामावलीमा नामदर्ता गर्न तथा कार्यस्थलबाटै मतदान गर्न पाउने व्यवस्था गर्न आवश्यकता अनुसार कानुनी व्यवस्था गरियोस भनेर हामीले विभिन्न राजनैतिक दल, निर्वाचन आयोग, मानवअधिकार आयोग तथा सरोकारवालालाई ध्यानाकर्षण गराइरहेका छौं। अव स्वदेश वा विदेश जहाँ रहेपनि कार्यस्थलबाट नै मतदान गर्न पाउने अधिकारलाई सुनिश्चित गराउन ढिला गर्न हुँदैन।

### मतदाता नामावलीमा नाम दर्ता पहिलो शर्त

विदेशमा रहेका धेरै नेपालीको अहिले पनि मतदाता नामावलीमा नाम छैन। स्थानिय निर्वाचन सम्पन्न भएपनि यसै वर्ष हुने प्रदेश र प्रतिनिधीसभाको मिति तय भैसकेको छैन। यही निर्वाचनलाई मध्यनजर गर्दै अहिले निर्वाचन आयोगले मतदाता नामावलीका लागि आवेदन खुलाएको छ। नेपाली नागरिकता भएका र मतदाता नामावलीमा नाम दर्ता नगराएका देश-विदेशमा रहेका नेपालीहरूलाई आयोगले नाम दर्ता गर्न आग्रह गरेको छ।

मतदाता नामावलीमा नाम दर्ता नभएसम्म निर्वाचनमा सहभागी हुन नपाउने भएकाले स्वदेशमा रहेका एनआरएनहरूलाई तत्काल नाम समावेश गर्न आयोगले आग्रह गरेको हो। 'मताधिकारको विषयमा के गर्न सकिन्छ गर्दै गरौला तर, मतदाता नामावलीमा नाम दर्ता गर्नचाहि कोहि पनि नछुटनुहोला' प्रमुख निर्वाचन आयुक्त थपलियाले भने -'सकभर धेरैभन्दा धेरै नेपाली मतदानमा सहभागी हुने अवसर मिलोस् र मतदाता नामावलीमा नाम नछुटोस भनेर तत्काल निर्वाचन मिति घोषणा नगरेर मतदाता नामावली दर्ता जारी राखेका छौ।'

विदेशमा रहेका नेपालीहरू मतदाता नामावली दर्ता खुल्ला भएको समयमा नाम दर्ता गर्न मात्रै स्वदेश आउन नसक्ने भएकाले विदेशमा रहेका नेपाली कुटनैतिक निकायमै त्यो व्यवस्था मिलाउन सरोकारवालाहरूको माग छ। यस विषयमा निर्वाचन आयोगले पनि तयारी थालेको जनाएको छ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले आयोगले दूतावाससबाटै मतदाता नामावली दर्ताको काम प्रारम्भ गर्ने तयारी थालेपनि यसमा केहि कठिनाई रहेको बताउदै आगामी आर्थिक वर्षदेखि भने केही दूतावासहरूमा अनलाइन प्रणालीबाट मतदाता नामावली दर्ता गर्न सकिने अनलाइन रजिष्ट्रेसन सिस्टम प्रारम्भ गर्ने तयारी गरेको जानकारी दिए।

नेकपा एमालेका नेता तथा प्रतिनिधीसभा सदस्य डा. सुर्य पाठकले स्वदेश आएको बेला मतदाता नामावलीमा नाम दर्ता गर्न विदेशमा रहेका सबै नेपालीलाई आग्रह गरेका छन्। 'अहिले तत्कालै कति सम्भव छ हाम्रा दूतावासहरू पनि छन्, आयोगले सकेसम्म अनलाइनबाटै मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था गरिदिए विदेशमा रहेका धेरै नेपाली मतदाता नामावलीमा अटाउने थिए' पाठकले भने।

संघका पूर्वअध्यक्ष जिवा लामिछाने मतदाता नामावलीमा नाम नहुँदा आफु स्वदेशमै हुँदा पनि मत हाल्नबाट बञ्चित हुनुपरेको स्मरण गर्दै भन्छन -'२० वर्षदेखि विदेशमा बसेतापनि अहिलेसम्म म नेपाली राहदानीवाहक नै छु, २०४६ सालदेखि यता ८ पटक निर्वाचन भएकोमा ४ पटकको निर्वाचनमा नेपालमै हुँदा पनि नाम दर्ता नभएकाले मत हाल्न पाइन, यसैले स्वदेश आएको बेला सबैले नाम दर्ता गर्न नभुलौ।'

### कार्यान्वयनमा चुनौती

विदेशमा रहेका नेपालीलाई कार्यस्थलबाटै मतदान गर्न पाउने व्यवस्था कार्यान्वयन गराउन आवाज उठाएजस्तो सजिलो छैन। कानुनी कठिनाई पन्छाउनु एकातिर छ भने नेपाली कार्यरत मुलुकको व्यवस्था मान्नु पर्ने चुनौती पनि छ। यसका लागि द्बिदेशिय सम्वन्ध र सहकार्यको ठुलो खाँचो रहन्छ। अहिले विकशिल मुलुकहरूले पनि देशबाहिर रहेका आफ्ना नागरिकलाई यस्तो व्यवस्था लागू गराएका छन् तर अधिकांश देशले पूर्णरुपमा यसलाई कार्यान्वयनमा ल्याउने सकेका छैनन।

कार्यस्थलबाटै मत हाल्न सकिने व्यवस्था गरिएपनि विदेशी मुलुकहरूमा स्वदेशमा जस्तै धेरै ठाँउमा मतदान केन्द्र राख्न सकिने, पाउने वा जनशक्तिले धान्ने अवस्था नरहन सक्छ। यसका लागि विदेशमा रहेका नेपाली कुटनैतिक निकायमा मत हाल्ने व्यवस्था गर्न सकिने भनिए पनि सबै नेपालीको पहुँच दूतावासमा नपुग्न सक्छ। उता धेरै नेपाली विदेशी मुलुकमा गैरकानुनी हैसियदमा पनि बसेका छन। उनीहरूलाई मतदानमा सहभागी गराउने विषय अर्को चुनौतीकोरुपमा खडा भएर रहेको छ।

हालसम्म १७५ वटा मुलुकहरूसँग दुईपक्षीय सम्बन्ध भए पनि करिव ३० वटा मुलुकहरूमा मात्रै नेपालको दूतावास छ। जसका कारण पनि विदेशमा रहेका सबै नेपालीलाई कार्यस्थलबाटै मताधिकारको व्यवस्थाको विषय त्यति सहज भने छैन। नेपाली दूतावासको क्षमता अभिबृद्धि गराएर मतदाता नामावलीमा नाम दर्ता गराउन भने लाग्न जरुरी छ।

सबै नेपालीलाई मताधिकार प्रयोग गर्न सहज बनाउने बिकल्प भनेको अनलाइन भोटिङ नै हो। तथापी नेपालले देशभित्रै पनि प्रयोग गर्न नसकेको अनलाइन भोटिङ सिस्टम विदेशमा रहेका नेपालीहरूका लागि व्यवस्था गर्नु थप चुनौतीपूर्ण छ। फेरी यसमा विश्वसनियता र सुरक्षाको पनि सवाल भएकाले यो बिकल्प पनि तत्काल लागू गराउन सक्ने सामर्थ्य सरकारमा देखिदैन। तत्कालका लागि भनेको अन्य व्यवस्था नहुँदासम्म केहि देशबाट नमुनाकोरुपमा दुतावासमा मतदान केन्द्र स्थापना गरी मतदान गर्ने व्यवस्था मिलाउन सके विस्तारै अन्य देशमा प्रयोग गर्न सकिन्छ।

अहिले स्थानीय तहको निर्वाचनमा कार्यस्थलबाट मतदान गर्न नपाएपनि आगामी संघीय र प्रदेश निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकले मतदान गर्न पाउने व्यवस्था र मतदाता नामावलीमा नाम दर्ताको व्यवस्था गर्न जरुरी छ। 'हाम्रो नोट चल्ने तर भोट नचल्ने' भन्ने विदेशमा रहेका नेपालीहरूको आवाज अव भने सुन्नै पर्छ। उनीहरूको अधिकारलाई अव बञ्चित गर्न हुँदैन। विदेशमा ५० लाखभन्दा बढि नेपालीहरूको मताधिकार प्रयोग हुन नपाउँदा सही जनप्रतिनिधि छान्नबाट नेपाली जनता चुक्नेछन्। त्यसैले अव स्वदेश वा विदेश जहाँ रहेपनि कार्यस्थलबाट नै मतदान गर्न पाउने अधिकारलाई सुनिश्चित गराउनु पर्छ।

# वैदेशिक रोजगारीमा रहेका श्रमिकको **सामाजिक सुरक्षा** पहिलो प्राथमिकता




वैदेशिक रोजगार बोर्ड र एनआरएनएबीच सहकार्य गर्ने विषयमा हस्ताक्षर हुँदै ।

■ अर्थ र रोजगार

वैदेशिक रोजगारीमा रहेका श्रमिकको सामाजिक सुरक्षा पहिलो प्राथमिकतामा राखिनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन । गैरआवासीय नेपाली संघले आयोजना गरेको 'नागरिकता, मताधिकार, लगानी तथा वैदेशिक रोजगार' विषयक सेमिनारमा बोल्ने अधिकांश बक्ताले चाडोभन्दा चाडो विदेशमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा समावेश गरिनुपर्ने धारणा राखेका हुन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न वैदेशिक रोजगार विषयक सेसनमा बोल्दै मन्त्री श्रेष्ठले मन्त्रालयले वैदेशिक रोजगारीमा रहेका श्रमिकको सामाजिक सुरक्षालाई पहिलो प्राथमिकतामा राखेको र रोजगारदाता मुलुकसँग अब गरिने नयाँ श्रम सम्झौता तथा सम्झौता नविकरणमा श्रमिकको सामाजिक सुरक्षाको विषय पहिलो बुँदामा राखिने बताएका छन् ।

रोजगारदाता मुलुकको भ्रमणमा जाँदा आफुले त्यहाँ कार्यरत नेपालीको हक, हितका साथै सामाजिक सुरक्षाको विषय उठाउँदा सकारात्मक प्रतिक्रिया पाएको बताउँदै तत्कालिन मन्त्री श्रेष्ठले भने-'हामीले केही समय अगाडि मात्र श्रम स्वीकृति लिएर गएका श्रमिकको सामाजिक सुरक्षा हुनेगरी मलेसियामा सोक्सो भन्ने संस्थासँग सम्झौता गरिसकेका छौ, अब अन्य मुलुकमा पनि यस्ता सम्झौता गर्नेछौ ।'

श्रेष्ठले भर्खरै आएको बजेटमा पनि वैदेशिक रोजगारीमा गएका नेपालीलाई योगदानमा आधारित सामाजिक सुरक्षामा समेटने विषय आइसकेकाले मन्त्रालयले सोही अनुसार कानुनी व्यवस्थाको लागि प्रक्रिया अघि बढाएको बताए । 'सम्मानित श्रमका लागि पनि सामाजिक सुरक्षा अपरिहार्य छ, विदेशमा रहेका नेपालीको हक, हित, सुरक्षा एवं समस्या समाधानका लागि एनआरएनएसँग हातेमालो गरेर अघि बढन तत्पर छौ ।'

विदेशमा लामो समय बसेर नेपाल फर्किएको श्रमिक पुनः वैदेशिक रोजगारीमै फर्कन बाध्य हुनुपरेको बाध्यतालाई मनन गर्दे उनीहरूलाई स्वदेशमै पुर्नस्थापना गर्न सरकार गम्भिर ढंगमा लाग्नुपर्ने गैरआवासीय नेपाली संघका पूर्वउपाध्यक्ष टि.बी. कार्कीले बताए । 'अब विद्यालयस्तरबाटै ट्रेड एजुकेशन दिएर दक्ष जनशक्ति उत्पादन गर्न र स्वरोजगार तथा उद्यमशिल बन्ने वातावरण बनाउनमा पनि सरकार लाग्नुपर्छ' कार्कीले भने ।

कार्यक्रममा बोल्दै संघका उपाध्यक्ष धर्मराज अधिकारीले विदेशमा रहेका नेपालीको सामाजिक सुरक्षाको विषय विगतदेखिनै एनआरएनएले उठाएपनि अझ पनि कार्यान्वयनमा लैजान नसक्नु दुःखदायी पक्ष भएको बताए । 'इन्सुरेन्सको व्यवस्था भएपनि सामाजिक सुरक्षा कोषमा आवद्ध नहुदा भोली स्वदेश फर्कदा रित्तै हात फर्कने अवस्था अब पनि रहनुहुन्न' अधिकारी भन्छन ।

बजेटमा पनि वैदेशिक रोजगारमा रहेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा समेटने निर्देश आएकाले ऐन संशोधनको प्रक्रिया सुरु भैसकेको सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणी ज्ञवालीले बताए । 'कानुनी प्रक्रिया पुरा गरेर कार्यान्वयनमा जाने त छदैछ, हामीले वैदेशिक रोजगारीमा जाने बेलामै कोषमा आवद्ध गराउन सकिन्छकी भनेर पनि योजना बनाइरहेका छौं' ज्ञवालीले भने ।

यस्तै कर्मचारी संचयकोषका प्रशासक जितेन्द्र धितालले सामाजिक सुरक्षा किन आवश्यक छ भन्ने विषय अब छलफलको विषय नै नभएको भन्दै सरकारले कार्यक्रम नै अगाडि बढाइसकेको अवस्थामा कार्यान्वयन पक्षबारे तयारी थालिनुपर्ने बताए । उनी भन्छन- 'के-कसरी समेटने र कस्ता स्कीम दिने भन्ने विषयमा कानुन, नीति नियम नबन्दासम्म कर्मचारी संचयकोष जस्तै सामाजिक सुरक्षा योजनाको क्राइटेरिया तय भैसकेका संस्थामा भएपनि श्रमिकलाई आवद्ध गर्न ढिलाई गर्नुहुन्न ।'

वैदेशिक रोजगारीमा गएका कामदारको मृत्यु तथा अंगभंग भएमा राहत तथा क्षतिपूर्ति दिदै आएको वैदेशिक रोजगार बोर्डले यस्तो राहत अनलाइनबाटै कामदारका आश्रित परिवारले पाउने व्यवस्था भैसकेको बोर्डका कार्यकारी निर्देशक राजन श्रेष्ठलले बताए । उनले सामाजिक सुरक्षाको सवालमा पनि विशेषगरी स्वास्थ्य सुरक्षाको सवालमा हालसालै

मलेसियाको सोक्सोसँग गरिएको सम्झौताको चर्चा गर्दै यसरी नै अन्य रोजगारदाता मुलुकलाई पनि नेपाली श्रमिकप्रति जिम्मेवार बनाउन सकिने सुझाव दिए।

श्रम सचिव एकनारायण अर्यालले वैदेशिक रोजगारीमा देखिएका समस्या, कामदारको सुरक्षा, फर्किएपछिको पुनर्स्थापना लगायतका विषयमा मन्त्रालय गम्भिर भएर लागिरहेको बताए। 'अहिले ११ देशमा श्रम सम्झौताको तयारी भैरहेको छ, यसमा हामी पहिलो प्राथमिकतामा सामाजिक सुरक्षालाई दिनेछौं,' सचिव अर्यालले भने- 'यसका साथै वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवारलाई कसरी व्यापार-व्यवसाय, उत्पादनमूलक कार्य तथा उद्यमशिलतामा जोडन सकिन्छ भनेर योजना बनाइरहेका छौ।'

वि.सं. २०६४ मा वैदेशिक रोजगार ऐन ल्याउदा नै श्रमिक र उनीहरूको सामाजिक सुरक्षाको विषय समेटेकोमा आज १५ वर्ष वितिसक्दा पनि पूर्णरुपमा कार्यान्वयनमा ल्याउन नसक्नु दूर्भाग्यपूर्ण भएको पूर्व श्रममन्त्री रमेश लेखकले बताए। उनले आफु मन्त्री हुदा ऐन आएसँगै सामाजिक सुरक्षाको थोरै भएपनि प्रत्याभूत हुनेगरी वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार कल्याणकारी कोष र वैदेशिक रोजगार विमा कार्यक्रम संचालनमा ल्याएको स्मरण गरे।

उनले सामाजिक सुरक्षासँगै कल्याणकारी कोषको रकम श्रमिककै हित हुनेगरी प्रयोग गर्नुपर्नेमा पनि जोड दिए। 'कोषको पैसा प्रयोग गरेर सातै प्रदेशमा पोलिटेक्निकल इन्स्टिच्युट खोलौ र विदेशमा गएका श्रमिकका छोराछोरीलाई निःशुल्क पढाऔं, २० वर्षपछि उनीहरू इन्जिनियर भएर निस्कन्छन, यो पनि श्रमिकको सामाजिक सुरक्षाको अर्को पाटो बन्न सक्छ' पूर्वमन्त्री लेखक भन्छन्- 'हामी रेमिट्यान्सले देश धानिएको छ भनिरहेका छौ, देशै धान्न योगदान गर्नेहरूलाई राज्यले पनि योगदान गर्नु पर्छ कि पर्दैन ?'

संघका अध्यक्ष डा. बद्री के.सी.ले आफुहरूले विगतदेखिनै विदेशमा रहेका नेपालीको सामाजिक सुरक्षाबारे कुरा उठाएकोमा राज्यले नसुनेपछि हजारे अभियान नै सुरु गर्नुपरेको स्मरण गरे। 'आज सबै स्टेक होल्डरहरू राखेर विदेशमा रहेका श्रमिकको सामाजिक सुरक्षाको लागि छलफल गर्न सफल भएका छौ, यसले राम्रो नतिजा दिनेमा हामी आशावादी छौ' केसीले भने।

गत कोभिड महामारीमा विदेशमा रहेका नेपालीको राहत तथा उद्धारका लागि एनआरएनएले सरकारसँग कल्याणकारी कोष प्रयोग गर्न हारगुहार गर्दा पनि नसुनेपछि आइएलओसँगको सहकार्यमा उक्त कार्य गर्नुपरेको तितो यर्थाथ पोख्दै एनआरएनएको राहत तथा उद्धार कार्यक्रमको संयोजनसमेत गरेका केसीले भने- 'विदेशमा गएका कामदारहरूलेनै जम्मा गरेको पैसा उनीहरू विपतमा पर्दा पनि प्रयोग हुन नसक्नु दुःखदायी कुरा हो, आगामी दिनमा त्यस्तो अवस्था आउन नदिन स्पष्ट कार्यविधि बनाएर कोष परिचालन गरियोस्।'

सो अवसरमा विदेशमा रहेका नेपालीहरूको हितका लागि काम गर्ने गरी वैदेशिक रोजगार बोर्ड र गैरआवासीय नेपाली संघबीच सम्झौतासमेत भएको छ। संघका युवा उपाध्यक्ष राज रेग्मीले वैदेशिक रोजगारी र सामाजिक सुरक्षा विषयक सेसन सञ्चालन गरेका थिए।



# एनआरएनए र कोषबीच छलफल

गैरआवासीय नेपाली संघ र सामाजिक सुरक्षा कोषबीच वैदेशिक रोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा समेट्ने विषयमा छलफल भएको छ।

एनआरएनए सचिवालय हलमा आयोजना गरिएको छलफलमा भौतिक एवं जुम माध्यममार्फत एनआरएनएका पदाधिकारीहरूले सहभागिता जनाएका थिए भने कोषकातर्फबाट कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली, निर्देशकद्वय कृष्ण अधिकारी र रोहित रेग्मीको सहभागीता रहेको थियो।

संघका कार्यकारी अध्यक्ष कुल आचार्य, अध्यक्ष डा. बद्री केसी, उपाध्यक्ष महेश कुमार श्रेष्ठ, उपाध्यक्ष डिबी क्षेत्री, यूवा उपाध्यक्ष राज रेग्मी, उप-महासचिब देवी बस्नेत, सचिव गंगाधर गौतम, कोषाध्यक्षद्वय लोक दाहाल र फणिन्द्र पन्त, यूरोप संयोजक चिन्तामणी सापकोटा लगायतका पदाधिकारीहरू, विभिन्न मुलुकका आईसीसी सदस्य तथा एनसीसीका प्रतिनिधि तथा गैरआवासीय नेपालीहरूको कार्यक्रममा सहभागिता रहेको थियो।

विदेशमा रहेका नेपालीलाई सामाजिक सुरक्षा कोषमा समेट्नका लागि गृहकार्य शुरु भइसकेको जानकारी दिदै कोषका कार्यकारी निर्देशक कपिलमणी ज्ञवालीले एनआरएनएसँगको सहकार्यमा कोषले छिट्टै कार्यबिधी बनाएर लागू गर्ने बताए। उनले वैदेशिक रोजगारमा जानेलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा योजनामा समेट्नका लागि श्रम स्वीकृति दिने वेलामा नै समेट्न सकिने पनि बताए।

कोषका निर्देशक कृष्ण अधिकारीले विदेशमा रहेका नेपालीलाई कोषमा समेट्नका लागि कोषले 'प्यासन' को रूपमा लिएर अगाडि बढेकाले एनआरएनएले साथ दिएमा यो चाँडै लागू हुने बताए।

यस्तै कर्मचारी संचयकोषका पूर्वप्रशासक कृष्ण आचार्यले कानूनी अड्चनलाई हटाएर वैदेशिक रोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा समेट्न आग्रह गरे।

वैदेशिक रोजगार तथा कल्याणकारी विभागका सभापति एवं संघका उपाध्यक्ष डिबी क्षेत्रीले वैदेशिक रोजगारमा जाने नेपालीहरूलाई अनिवार्यरुपमा सामाजिक सुरक्षा योजनामा समेट्नका लागि श्रम स्वीकृति दिँदा र श्रम सम्झौता गर्दा अनिवार्य सामाजिक सुरक्षा कोषमा जोड्ने शर्त राख्नु पर्ने बताए।

सरकारले आर्थिक बर्षको बजेटमा नै विदेशमा रहेका नेपालीलाई सामाजिक सुरक्षा कोषमा समेट्ने गरी कार्यक्रम ल्याउनु सकारात्मक रहेको सहभागीहरूले औल्याएका छन्। एनआरएनएले आफ्नो १० औं विश्व सम्मेलन तथा असार २ गते सेमिनार आयोजना गरेर वैदेशिक रोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा समेट्नका लागि सरोकारवालाबीच छलफल चलाएको थियो।

संघका अध्यक्ष डा. बद्री केसीले सामाजिक सुरक्षा सम्बन्धी संघको धारणा प्रस्तुत गर्दै यसको सफल कार्यान्वयनका लागि कार्यबिधी तयार पारेर गैरआवासीय नेपाली संघ र सामजिक सुरक्षा कोषबीच समझदारी पत्रमा हस्ताक्षर गरेर अगाडि बढ्नु पर्ने बताए। यस्तै संघका कार्यकारी अध्यक्ष कुल आचार्यले चाँडै संघ र कोषबीच सामाजिक सुरक्षामा समेट्नका लागि दुई पक्षिय समझदारी गरिने जानकारी दिए।

समझदारीपत्र तयारका लागि संघका तर्फबाट उपाध्यक्ष डिबी क्षेत्री र कोषका तर्फबाट निर्देशक कृष्ण अधिकारीलाई जिम्मेवारी तोकिएको छ।

# तरलता अभाव पूर्ति गर्न वैदेशिक लगानी भित्र्याउन जोड

## सहज वातावरण बनाइदिन एनआरएनको आग्रह




विदेशमा रहेका नेपालीको लगानी सहज ढंगमा भित्र्याउने व्यवस्थाका लागि गैरआवासीय नेपालीहरूले सरकार समक्ष आग्रह गरेका छन । गैरआवासीय नेपाली संघको आयोजनामा काठमाडौमा सम्पन्न 'नागरिकता, मताधिकार, लगानी तथा वैदेशिक रोजगार' विषयक सेमिनारमा सहभागी वक्ताहरूले मुलुकको विकास र अर्थतन्त्र मजबुद बनाउनका लागि एनआरएनको लगानी भित्र्याउन आवश्यक रहेको र यसका लागि सहजीकरण गर्नुपर्नेमा जोड दिएका थिए ।

सेमिनारको 'लगानी' विषयक कार्यक्रममा बोल्दै नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले कोभिड र रुस-युक्रेन युद्धका कारण उत्पन्न तरलता अभावलाई पूर्ति गर्न एनआरएनको लगानी भित्र्याउन आवश्यक भैसकेको बताए । उनले बजेट र राष्ट्र बैंकले पनि वैदेशिक लगानीको भित्र्याउन सहजता थपिरहेको उल्लेख गर्दै भने -'विदेशमा एनआरएनका साथिहरूले जहाँ जहाँ व्यवसाय गरिरहनुभएको छ, व्यवसायका लागि त्यहाँ भन्दा सहज र प्रशस्त संभावना नेपालमै बनिसकेको छ, आउनुहोस हामी सबै मिलेर नेपालमै लगानी बढाऔं'

अहिलेको तरलता अभाव र सोधान्तर घाटा जस्तो समस्यासँग नेपाली अर्थतन्त्र जुधिरहेको बताउदै नेपाल उद्योग परिसंघका उपाध्यक्ष विष्णु अग्रवालले यसको दीर्घकालिन समाधानका लागि विदेशी मुद्रा भित्र्याउन आवश्यक भएको र यो एनआरएनबाट संभव रहेको बताए । 'विदेशी लगानी भित्र्याउन विश्वासको वातावरण बनाउन सक्नुपर्छ यसका लागि एनआरएनहरूले पहलकदमी भूमिका खेलोस, यो अवस्था नहुदासम्म एनआरएनहरू आफै लगानीका लागि अग्रसर हुनुपर्छ' अग्रवालले भने ।

नेपाल बैंकर्स संघका अध्यक्ष अनिल उपाध्यायले वैदेशिक लगानी कुन क्षेत्रबाट बढी भित्र्याउन सकिने सम्भावना छ त्यतातर्फ अध्ययन र छलफल थालिनुपर्ने बताए । उनले लगानी भित्र्याउनका लागि बैंकिङ सिस्टममा कुनै समस्या भए त्यसलाई समाधान गर्न एनआरएनहरूसँग छलफल गर्न सकिने पनि बताए ।

कार्यक्रममा नेपाल राष्ट्र बैंककी डेपुटी गर्भनर निलम ढुंगानाले रुस-युक्रेन युद्ध, मुल्य बृद्धि तथा पेट्रोलियम पदार्थमा आएको बृद्धिले तरलता र मुद्रास्पीति बढेको बताइन । उनले नेपाली अर्थतन्त्रमा परेको प्रभावलाई कम गराउदै लैजान एफडिआईलाई आकर्षित गर्न तथा वैधानिक माध्यमबाट रेमिट्यान्स भित्र्याउन राष्ट्र बैंक प्रतिवद्ध भएर लागेको बताइन ।

संघका उपाध्यक्ष महेश श्रेष्ठले फोरेन इन्भेष्टमेन्टल एण्ड टेक्नोलोजी ट्रान्सफर एक्ट (फिटा एक्ट)ले एनआरएनको लगानी र वैदेशिक लगानीलाई एउटै परिभाषामा राख्दा विदेशमा रहेका नेपालीको लगानी भित्र्याउन समस्या आएको बताए । 'हाम्रो चाहना विदेशमा रहेका नेपालीको स-साना लगानी पनि भित्र्याउन सकियोस भन्ने हो' उनले भने -'विदेशी लगानी र गैरआवासीय नेपालीले भित्र्याउने लगानीलाई छुट्याएर ऐनमा परिभाषित गरियोस् ।'

गैरआवासीय नेपालीको सीप, ज्ञान र पूँजि भित्र्याउन सरकारको नीति नै भएकाले एनआरएनको माग बमोजिम सरकारले पनि पोलिसीलाई समयानुकुल परिमार्जन गर्दै लगेको परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौडेलले बताए । उनले नेपालमा लगानीका लागि प्रशस्त संभावना रहेको चर्चा गर्दै भने -'वैदेशिक लगानी भित्र्याउने विषयमा कानुनले धेरै सहजिकरण गरिसकेको छ, अझै यसमा केहि सुधार आवश्यक भए हामी बसेर छलफल गर्न तयार छौ ।'

ऐनमा वैदेशिक लगानी र एनआरएनको लगानीलाई एउटै परिभाषामा समेट्दा समस्या देखिएको स्वीकार्दै उद्योग मन्त्रालयका सचिव अर्जुन प्रसाद पोखरेलले यसलाई छुट्टाछुट्टै परिभाषित गर्ने काममा मन्त्रालय लागिसकेको जानकारी दिए । वैदेशिक लगानीको विषयमा एनआरएनएका प्रतिनिधीहरूसँग आफुले पटक पटक छलफल गरेको बताउदै उनले यसमा भएका समस्या सुधार्न र कानुनी अड्चन फुकाउन पनि मन्त्रालय लागिपरेको बताए ।

संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले कम्तीमा १० अर्बको लगानी भित्र्याउने गरी संघले 'एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड'मार्फत काम गर्न खोजे पनि सरकारी प्रक्रियागत झन्झटको कारण अहिलेसम्म केहि गर्न नसकिएको दुखेसो पोखे । 'अबको १-२ हप्तामा पनि यो काम अघि बढेन भने फण्डको अध्यक्षबाट राजिनामा दिन्छु' उनले भने -'उद्योग सचिवज्यू यही हुनुहुन्छ तपाईहरू बाटो खोलिदिनुहोस् हामी चाँडै १० अर्ब लगानी भित्र्याउछौं ।'

कार्यक्रममा एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड लि.का प्रमुख कार्यकारी अधिकृत अनलराज भट्टराईले वैदेशिक लगानी भित्र्याउन सहजता र समस्या समेटेर कार्यपत्र प्रस्तुत गरेका थिए ।



# सम्मानजनक काम गर्छु : श्रममन्त्री कुँवर



नेकपा (एकीकृत समाजवादी)को सिफारिसमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा नियुक्त शेरबहादुर कुँवरले सपथग्रहणलगत्तै मन्त्रालयमा पुगेर पदवहाली गरेका छन् । एकीकृत समाजवादीले सरकारमा आफ्नो पार्टीकातर्फबाट सहभागी मन्त्रीहरूलाई फिर्ता बोलाएर नयाँ मन्त्री पठाएको हो । यसअघि श्रम मन्त्रीको जिम्मेवारीमा कृष्ण कुमार श्रेष्ठ रहेका थिए ।

नवनियुक्त मन्त्री कुँवरले आफु छोटो समयका लागि मन्त्रालयको जिम्मेवारी सम्हाल्न आए पनि जनताको मन जित्ने गरी काम गर्ने बताएका छन् । पदवहाली लगत्तै श्रम मन्त्रालयका कर्मचारीलाई सम्वोधन गर्ने क्रममा मन्त्री कुँवरले भने- 'जनताको मन जित्ने गरि सम्मानजनक काम गरेर बिदा हुन चाहन्छु, यहाँहरूले यस कार्यमा सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।'

मन्त्री कुँवरले आफुले ३० वर्षभन्दा बढी समय जनता र श्रमिकहरूसँग बिताएको बताउँदै उनीहरूको अपमान हुने काम आफु पनि नगर्ने र अरुलाई पनि नगर्न निर्देशन दिए । पार्टीले दिएको जिम्मेवारी र श्रमिकको हकहितका लागि सबै पक्षसँग सहकार्य गर्दै काम गर्ने उनले बताए । 'देशभित्र कसरी रोजगारी सिर्जना गर्ने र वैदेशिक रोजगारीलाई कसरी व्यवस्थित बनाउने भन्नेमा मेरो ध्यान जानेछ' मन्त्री कुँवरले भने ।

'कामदारका समस्या सुन्न श्रमिकका घरआँगनमा पुग्नेछु,' उनले भने, 'मन्त्री पद अस्थायी हो, म अहिले मन्त्री भएँ तर हिजो पनि जनता नै थिएँ र भोलि पनि जनता नै हुनेछु, त्यही भएर जनता सम्झेर सक्दो काम गर्ने प्रयास गर्नेछु ।'

मन्त्रालयका कर्मचारीलाई निर्देशन दिँदै मन्त्री कुँवरलले भने, 'हामी सबै जनताका सेवक हौं । जनताको सेवाका लागि जस्तो समस्या परे पनि एक ठाउँमा उभिएर काम गर्नुपर्छ । हाम्रो कर्तव्य पनि त्यही हो ।'

अछाम जिल्लाका कुँवर पहिलो पटक मन्त्री भएका हुन् । उनले २०६२ मा तत्कालीन एमालेको जिल्ला कमिटी सचिव, ०६९ मा एमाले जिल्ला कमिटी अध्यक्ष, २०७६ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी नेकपाको जिल्ला कमिटी अध्यक्ष, नेकपा विभाजनपछि २०७८ मा एकीकृत समाजवादीको पहिलो जिल्ला कमिटी अध्यक्षको जिम्मेवारी समेत सम्हालिसकेका छन् । उनी २०६४ को पहिलो संविधानसभा निर्वाचनमा अछाम निर्वाचन क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ निर्वाचित भएका थिए । मन्त्री कुँवर २०७४ मा एमालेको तर्फबाट राष्ट्रिय सभा सदस्यमा मनोनीत भएका थिए । हाल उनी एकीकृत समाजवादीको प्रदेश कमिटी उपाध्यक्ष, सुदूरपश्चिम प्रदेश संगठन विभाग प्रमुख एवं केन्द्रीय संगठन विभाग सदस्य रहेका छन् ।

---

### काठमाडौंबाहिरबाट पनि वैदेशिक रोजगारीको श्रम स्वीकृति

# भैरहवाबाट दिन सुरू, पोखराबाट छिट्टै सुरू गरिने




रुपन्देहीको भैरहवाबाट वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूलाई श्रम स्वीकृति दिन थालिएको छ । वैदेशिक रोजगार व्यवस्थापन शाखा स्थापना गरि पहिलो पटक काठमाडौ बाहिर भैरहवाबाट श्रम स्वीकृति दिन सुरू गरिएको हो ।

उक्त शाखाको तत्कालिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री किसान श्रेष्ठले उदघाट्न गरेसँगै वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई भैरहवाबाटै श्रम स्वीकृति दिन थालिएको छ । भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै सो विमानस्थल हुँदै वैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि काठमाडौं धाउन नपर्ने गरी यो व्यवस्था गरिएको श्रम मन्त्रालयले जनाएको छ ।

भैरहवाबाटै श्रम स्वीकृति दिन थालिएपछि भैरहवा विमानस्थलमा उडान भर्ने एयरलाइन्सहरूलाई पनि यात्रुको खाँचो नहुने देखिएको छ । सो कार्यालयबाट लुम्बिनी, गण्डकी, कर्णाली, सुदूरपश्चिम, बागमती र मधेश प्रदेशका बासिन्दालाई सहज हुनेछ ।

श्रम स्वीकृति दिने कार्यालयमा तत्कालका लागि शाखा अधिकृत तहको कर्मचारीसहितको कर्मचारीहरू खटाइएको छ । श्रम स्वीकृति दिने प्रक्रिया पोखराबाट पनि सुरू गरिने श्रम मन्त्रालयले जनाएको छ ।

### एफएनसीसीआई ५० बिजनेश/५० लगानीकर्ता कार्यक्रम

# २० युवा उद्यमीद्वारा आफ्नो नविनतम उद्यमका योजना प्रस्तुत

नेपाल उद्योग वाणिज्य महासंघले सुरु गरेको ५० बिजनेश/५० लगानीकर्ता कार्यक्रम अन्तर्गत सम्भावित लगानीकर्ताहरू समक्ष २० युवा उद्यमीले आफ्नो नविनतम उद्यमको बारेमा योजना प्रस्तुत गरेका छन् ।

मुलुकभित्र नविनतम सोंच भएका नवप्रवर्तक स्टार्टअपलाई सम्भावित लगानीकर्ता जुटाई दिने उद्देश्य अनुरूप महासंघले यो कार्यक्रम शुरु गरेको हो । कार्यक्रममा महासंघका करिब २५ जना सम्भावित लगानीकर्ताहरूको सहभागिता थियो । प्रस्तुत गरिएका योजनामा लगानीकर्ताले रूची देखाएमा महासंघको स्टार्ट अप एण्ड इनोभेसन समितिले दुवै पक्षबीच सहजीकरण गरिदिने छ ।

महासंघ आफैले आवेदनमार्फत छनौट गरेका र महासंघको सहकार्यमा व्यवसायिक संघ/संस्थाले विभिन्न समयमा गरेका स्टार्टअपसँग सम्बन्धित कार्यक्रममा उत्कृष्ट ठहरिएका स्टार्टअपहरूले पिचिङ शेशनमा भाग लिएका थिए । महासंघले यस कार्यक्रममा सहभागिताका लागि विभिन्न समयमा स्टार्टअप व्यवसायीसँग आवेदन समेत माग गरेको थियो ।

पिचिङ शेशनमा कृषि, उत्पादनमूलक, खानपिन, सूचना प्रविधि, सेवासँग सम्बन्धित बिजनेश योजना प्रस्तुत भएका थिए । महासंघको स्टार्टअप एण्ड इनोभेसन समितिले गत बर्ष चैत्र ९ गते ५० बिजनेश/५० लगानीकर्ता



कार्यक्रमको घोषणा गरेको थियो ।

पिचिङ शेशनमा आमा एग्रो प्रा.लि., रासन टेक प्रा.लि., नेपाल एग्रो इन्पुट्स मार्केटिङ एण्ड इन्टरप्रेनुअरशिप सर्भिस (नेम्स), अन्सु टेक्नोलोजि प्रा.लि., लुक्ला आउटडोर, पिक एण्ड ड्रप, एक कल होम सोलुसन्स, वेदा, अर्वान्स नेपाल, खानपीन, स्वीट फिक्स, बिहे नेपाल, सारङ, कारखाना, ग्लोकल एकेडेमि अफ स्कील, ह्यापी माइण्डस, टेका, बोआफ्रेश, ज्वाला कृषि तथा पशुपालन उद्योग, निन्जा इन्फोसीस छन् ।

महासंघले पहिलो पटक स्टार्टअप एण्ड इनोभेसन समिति नै गठन गरी यो क्षेत्रको प्रवर्द्धनमा काम गर्दै आएको छ । महासंघले अगाडि सारेको भिजन पेपरले पनि स्पार्टअप व्यवसायलाई मुख्य प्राथमिकतामा राखेको छ ।

महासंघका अध्यक्ष शेखर गोल्छाले पिचिङ सेसनको औपचारिक शुभारम्भ गर्दै महासंघको यो कार्यक्रमले नविनतम सोंच भएका र लगानीको अभावमा आफूलाई विस्तार गर्न नसकेका स्टार्टअपहरूलाई लगानी जुटाउन सहयोग पुऱ्याउने विश्वास प्रकट गरे । महासंघको आर्थिक रुपान्तरण २०३० (भिजन पेपर) ले पनि स्टार्टअप व्यवसायलाई जोड दिएको र अहिले सरकारले पनि यो क्षेत्रलाई प्राथमिकतामा राखेको गोल्छाले बताए । स्टार्टअप एण्ड इनोभेसन समितिका सभापति रंजितराज आचार्यले महासंघको यो प्रयासले मुलुकभित्र स्टार्टअप व्यवसायमा नयाँ आयाम थप्ने विश्वास प्रकट गरे । सभापति आचार्यले समितिले स्टार्टअप व्यवसायका क्षेत्रमा नीति निर्माणमा समेत गृहकार्य गरी सरकारलाई पेश गरेको र यस क्षेत्रको भविष्य निकै राम्रो रहेको बताए ।

कार्यक्रममा महासंघका पदाधिकारीहरू, पूर्व अध्यक्ष, कार्यकारिणी समितिका सदस्यहरू, स्टार्टअप एण्ड इनोभेसन समितिका पदाधिकारी, सदस्यहरू, सल्लाहकारहरू, स्टार्टअप व्यवसायीहरू लगायतको उपस्थिति थियो ।

---

# वन्डर उमन र काठमाडौं मेडिकल कलेजको आयोजनामा निःशुल्क स्वास्थ्य शिविर

लायन्स क्लब अफ काठमाडौं वन्डर उमन तथा काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालको आयोजनामा दुई दिने स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

नुवाकोट जिल्लाको बिदुर नगरपालीका-९ स्थित भैरुम माध्यमिक बिद्यालयको प्राङ्गणमा सम्पन्न निःशुल्क स्वास्थ्य शिविरमा ५ सय १ जना महिला र ३ सय ५७ पुरुष गरेर ८ सय ५८ जना नागरिकहरूले स्वास्थ्य सेवा लिएको आयोजकले जानकारी दिएका छन् ।

शिविरमा निःशुल्क ल्याब सेवा, इसिजी सेवा, भिडियो एक्सरे सेवा र निःशुल्क औषधी बितरण गरिएको आयोजकले जानकारी दिएको




छ । शिविरमा जनरल मेडिसिन, सामान्य शल्यक्रिया, नाक-कान-घाँटी रोगको उपचार, हाडजोर्नी तथा नशा सम्बन्धी उपचार, आँखा परिक्षण र दन्त उपचार लगायतका बिभिन्न स्वास्थ्य सेवा प्रदान गरिएको लायन्स क्लब अफ काठमाडौं वन्डर उमनकी चार्टर प्रेसिडेन्ट मेघा तिमिल्सिनाले जानकारी दिइन ।

लायन्स क्लब अफ काठमाडौं वन्डर उमन विसुद्ध सामाजिक सेवामा क्रियाशिल महिलाहरूको संस्था हो । लायन्स क्लब अफ काठमाडौं वन्डर उमनले विगत लामो समयदेखि लायन्स क्लबसँग सहकार्य गदै थुप्रै सामाजिक कार्यहरू जस्तैः शौचालय निर्माण, सरसफाई, खाद्यन्न तथा लत्ताकपडा वितरण जस्ता कार्यहरू गर्दै आईरहेको छ भने आगामी दिनमा समेत यस्ता कार्यहरू निरन्तर गर्दै जाने प्रतिबद्धता समेत जनाएको छ ।



# अर्थमन्त्री शर्माद्वारा **विश्व बैंकको** **क्षेत्रीय कार्यालय** उद्घाटन

अर्थमन्त्री जनार्दन शर्मा र विश्व बैंकको प्रबन्ध निर्देशक मारी अल्का मान्जेस्तुले काठमाडौंको दरबारमार्गस्थित पुर्निर्माण पश्चात् तयार भएको विश्व बैंकको नयाँ क्षेत्रिय कार्यालयको संयुक्त रुपमा उद्घाटन गरेका छन ।

यो कार्यालयको उद्घाटन पश्चात् श्रीलंकामा अवस्थित उप-क्षेत्रीय कार्यालय विधिवत् रुपमा नेपालमा सरेको छ । अब यहीं कार्यालयबाट नेपाल, माल्दिभ्स र श्रीलंकाको कार्य संचालन हुनेछ ।

नयाँ क्षेत्रिय कार्यालयको उद्घाटन गर्दै अर्थमन्त्री शर्माले नेपालको विकास प्रयासमा विश्व बैंक लामो समयदेखी भरपर्दो साझेदारका रुपमा रहिआएको बताए । सन् १९६९ मा विश्व बैंकबाट पहिलो पटक १७ लाख अमेरिकी डलर बराबरको सहयोग लिएकोमा हाल विश्व बैंकको बित्तीय सहयोगमा संचालित २५ आयोजनाहरूमा करिब ३ अर्ब अमेरिकी डलर बराबरको प्रतिबद्धता प्राप्त भइसकेको छ ।

कार्यालयको बिस्तार र स्तरोन्नतीसँगै संस्थामा काम गर्ने कर्मचारीको जिम्मेवारी पनि बढ्ने मन्त्री शर्माले विश्वास व्यक्त गरे । 'विश्व बैंकले वित्तीय श्रोतलगायत ज्ञान, अनुभव र विश्वव्यापी असल अभ्यास पनि आदान प्रदान गर्दछ । विश्व बैंक अनुभवी र विषय विज्ञले भरिएको संस्थाका रुपमा चिनिदै आएको छ' उनले भने, 'त्यसको लाभ नेपालले पनि लिने विश्वास गरेको छु ।'

विश्व बैंक अन्तर्गतको अन्तर्राष्ट्रिय बित्त निगमले सन् २००७ देखी नेपालमा काम शुरु गरेको र यसले निजी क्षेत्रको सहयोग तथा सहजीकरण गर्ने भएकाले नेपालका निजी क्षेत्र समेत लाभान्वित हुने विश्वास लिएको मन्त्री शर्माले बताए । नयाँ क्षेत्रीय कार्यालय अन्तर्राष्ट्रिय मापदण्डमा आधारित भई निर्माण सम्पन्न गरेको विश्व बैंकले जनाएको छ ।



# चैनपुर नगरपालिकाको अनुरोध

- आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं ।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं ।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं ।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं ।
- समयमै कर तिरी जरिवानाबाट बचौं ।
- करको चर्चा घरघरमा गरौं ।
- हामीले तिरेको कर हाम्रै लागि ।

**चैनपुर नगरपालिका**

संखुवासभा

# अष्ट्रेलियामा नेपाली स्वास्थ्यकर्मीको चौथो विश्व सम्मेलन हुँदै

गैरआवासीय नेपाली संघ (एनआरएनए)को आयोजनामा हुन लागेको चौथो विश्व स्वास्थ्य सम्मेलनमा विश्वभरका नेपाली स्वास्थ्यकर्मीहरू तथा चिकित्सकहरू भेला हुने भएका छन् ।

एनआरएनएको विश्व स्वास्थ्य समितिले गरेको आयोजनामा आगामी सेप्टेम्बर १६ देखि १८ सम्म अष्ट्रेलियाको सिड्नीमा हुन गइरहेको उक्त सम्मेलनमा विश्वभर कार्यरत नेपाली चिकित्सकहरू सहभागी हुने बताइएको छ ।

समितिका अध्यक्ष डा. सञ्जीव सापकोटाले सम्मेलनमा विश्वका सय भन्दा बढी देशमा रहेका नेपाली स्वास्थ्यकर्मीहरू एउटै छानामुनि सहभागी हुने भएकाले यो विश्वकै ठूलो भेला हुने बताएका छन् । एनआरएनए-अष्ट्रेलिया, नेपाल चिकित्सक संघ, नेपाल नर्सिङ एसोसिएसन, स्टार्स स्कालर्स नेटवर्कको साझेदारीमा सम्मेलन हुन लागेको हो ।




'सबैका लागि मानसिक स्वास्थ्य तथा सुदृढ स्वास्थ्य सेवा वितरण प्रणाली' नारासहित हुन लागेको सम्मेलन सफल पार्न एक तयारी समितिकोसमेत गठन गरिएको छ । डा. सापकोटाको संयोजत्वमा गठित सो समितिमा डा. राजु अधिकारी (अष्ट्रेलिया), नन्द गुरुङ (अष्ट्रेलिया), डा. सुनिल साह (युके), डा. बोधराज सुवेदी (पोल्याण्ड), डा. शिवप्रसाद श्रेष्ठ (नेपाल), डा. पदम सिम्खडा (युके), डा. सागर पौडेल (नेपाल), चाँदनी जेशवाल (नेपाल), एलिजा केसी (जापान), डा. नितेश अर्याल (कतार), डा. ओम कुर्मी (युके), डा. अलिनी पोखरेल सुवेदी (पोल्याण्ड), डा. लुसुन चालिशे (जापान), डा. प्रभात अधिकारी (नेपाल), डा. प्रकाश श्रेष्ठ (अमेरिका), डा. शर्मिला गुरुङ (हङकङ), प्रसुना कँडेल (युके), डा. पुष्पराज भट्टराई (दक्षिण अफ्रिका), डा. अनुज कँडेल (अमेरिका), मनुजा केसी (अष्ट्रेलिया), अनिशा भण्डारी (नेपाल), डा. चिरन्जीबी भट्टराई (अमेरिका), डा. उत्तम गाउँले (अमेरिका), बाबुराजा महर्जन (न्यूजिल्याण्ड), श्रेया गजुरेल (अमेरिका), डा. सुहेल सापकोटा (नेपाल), रिना केसी (अष्ट्रेलिया) रहेका छन् । गैरआवासीय नेपाली संघका उपाध्यक्ष तथा स्वास्थ्य समितिका सल्लाहकार डा. हेमराज शर्माले सम्मेलनलाई भव्य रुपमा सफल बनाउन पूर्ण सहयोग गर्ने आश्वासन दिएका छन् भने संघका उपमहासचिव डा. देवी बस्नेतले समितिले एनआरएनएको नाम उच्च राखेको र सिङ्गो नेपाली समुदायले समितिप्रति गर्व गरेको बताए ।

सम्मेलनको सल्लाहकारहरूमा संघका उपाध्यक्ष डा. हेमराज शर्मा, महिला उपाध्यक्ष यास्मिन बेगम सैयद, महासचिवद्धय गौरी जोशी र डा. केशव पौडेल, कोषाध्यक्ष फनिन्द्र पन्त तथा डा. सन्ध्या चापागाईं (नेपाल) र डा.शरद मान ताम्राकार (अस्ट्रेलिया) रहेका छन् । सम्मेलनको लागि मिडिया समिति समेत गठन भएको छ । सम्मेलनको मिडिया संयोजनको जिम्मा चिरन शर्मा(युके), भगिरथ योगी(युके), इन्द्रलक्ष्मी घिमिरे(नेपाल), शुभद्रा ढकाल (नेपाल) र हेमन्त काफ्ले (अस्ट्रेलिया) लाई दिइएको छ । 'विगतका वर्षहरूमा जस्तै अष्ट्रेलियामा हुने सम्मेलनमा, विभिन्न देशमा कार्यरत नेपाली स्वास्थ्य विज्ञहरूको कार्यपत्र प्रस्तुति, स्वास्थ्य सम्बन्धी परियोजनाहरूको घोषणा, साझेदारहरूसँगको सहकार्य र स्थानीय अष्ट्रेलियाली समुदायका लागि स्वास्थ्य परीक्षण लगायतको गतिविधि हुनेछ,' समितिका संयोजक डा. सापकोटाले भने ।

# काठमाडौं महानगरको स्तरोन्नतिका लागि एनआरएनएले सहयोग गर्ने

गैरआवासीय नेपाली संघको प्रतिनिधिमण्डल र काठमाडौं महानगरपालिकाका नवनिर्वाचित मेयर बालेन्द्र शाह (बालेन)बीच भेटवार्ता भएको छ । महानगरपालिकाको कार्यालयमा भएको भेटघाटको क्रममा संघले काठमाडौं महानगरपालिकासँग सहकार्य गरी काठमाडौं महानगरपालिकाको स्तरोन्नति, ट्राफिक व्यवस्थापनको लागि ट्राफिक लाइट तथा आधुनिक सार्वजनिक शौचालय निर्माणको लागि सहयोग गर्ने भएको छ ।

संघका कार्यकारी अध्यक्ष कुल आचार्यले गत वर्ष नै टेण्डर आब्हान गरी बनाउन लागेको सार्वजनिक शौचालय कलंकी सडक विस्तारले जग्गा अधिग्रहण भएपछि स्थगित भएको र महानगरपालिकाले जग्गा उपलब्ध गराएको खण्डमा एनआरएनएले दुईवटा सार्वजनिक शौचालय बनाउने प्रस्ताव राखेका थिए ।



त्यस्तै फोहोर व्यवस्थापनको निमित्त विभिन्न देशहरूको उच्चस्तरीय प्रविधिको विषय जानकारी गराउँदै संघका उपाध्यक्ष महेशकुमार श्रेष्ठले काठमाडौं सिटीलाई 'स्मार्ट सिटी' बनाउन सहकार्य र समन्वय गर्न गैरआवासीय नेपाली संघ हरदम तयार रहेको बताए ।

भेटको क्रममा मेयर शाहले काठमाडौंको कला-संस्कृति, सम्पदालाई विश्व सञ्जालमा चिनाउनको निमित्त गैरआवासीय नेपाली संघलाई आग्रह गरेका छन् ।

त्यस्तै उनले 'कुकुर तिहार'लाई विशेष पर्वको रुपमा विश्वभर मनाउन र क्यालेन्डरमा उक्त पर्व छपाउन पहल गर्न आग्रह गरेका थिए । साथै उनले संघले बनाउन लागेको सार्वजनिक शौचालय बनाउन जग्गा उपलब्ध गराउन तथा व्यवस्थापन गर्न काठमाडौं महानगरपालिका सकारात्मक रहेको बताएका छन् ।

उक्त भेटघाट कार्यक्रममा युरोपका क्षेत्रीय संयोजक चिन्तामणि सापकोटा, युरोपका युवा संयोजक रमेश काफ्ले, आईसीसी सदस्य प्रदीप न्यौपाने लगायतका अभियन्ताहरूको उपस्थिति रहेको थियो ।

# कीर्तिपुरको फोहोर व्यवस्थापनमा एनआरएनएले देखायो अग्रसरता

कीर्तिपुर नगरपालिकाको फोहोर व्यवस्थापन गर्न गैरआवासीय नेपाली संघ (एनआरएनए)ले छलफल अघि बढाएको छ। कोरियन प्रविधिबाट फोहोर व्यवस्थापन गर्ने गरि संघले नगरपालिकासँग प्रस्ताव गरेको हो।

कीर्तिपुर नगरपालिकाका नगरप्रमुख राजकुमार नकर्मी र संघका अध्यक्ष विनोद कुँवरको टोलीबीच फोहोर व्यवस्थापनको विषयमा नगरपालिका कार्यालयमा छलफल भएको संघकी महासचिव जानकी गुरुङले जानकारी दिइन्।

नेपालमा देखापरेको फोहर बिसर्जनका समस्याहरूलाई न्यूनिकरण गर्न र त्यसलाई आधुनिक प्रविधिबाट प्रशोधन गरी उपयुक्त व्यवस्थापन गर्न नगरपालिकासँग समन्वय गर्न तयार रहेको र त्यस कार्यमा मेयर नकर्मी सकारात्मक भएको संघका अध्यक्ष कुँवरले बताए।

अध्यक्ष कुँवरले कोरियन सरकारले फोहोर समस्या नभएर त्यसको सदुपयोगबाट मोहर कमाएको उत्कृष्ट नमुना नेपालमा पनि प्रयोग गर्न चाहेको बताउँदै भने, 'हामीलाई सरकारले आवश्यक जग्गा, जनताको घरघरमा व्यवस्थित डस्वीन र जनचेतनासहितको वातावरण दिएमा फोहोरबाट सुन फलाउन तयार छौं।'



गैरआवासीय नेपालीहरू नेपालमा फोहोरदेखि ठूला औद्योगिक क्षेत्रमा लगानी गरेर जनतालाई प्रशस्त रोजगारी, सरकारलाई राजश्व र देशलाई स्वर्ग बनाउन तयार रहेकोले सरकारले त्यसका लागि लगानीमैत्री वातावरण तयार गरिदिनुपर्ने अध्यक्ष कुँवरको धारणा छ।

नगरप्रमुख नकर्मीले नगरलाई स्वच्छ र नागरिकलाई रोजगारी दिनसक्ने उत्साहित र देशप्रेमी जोकोही नेपालीलाई सकेजति सहयोग र सहकार्य गर्न आफू र आफ्नो टिम तयार रहेको बताए।

नगरप्रमुख नकर्मीको कार्यकक्षमा भएको छलफलमा संघका अध्यक्ष कुँवर र महासचिव गुरुङसँगै युरोप क्षेत्रका संयोजक उल्का घिमिरे, एनआरएनए सेकेन्ड जेनेरेसन एम्बेस्डर दिपेश खत्रीलगायत सहभागी थिए।






# समाजसेवामा
# श्रेष्ठ दम्पत्ती

अमेरिकामा बसोवास गर्ने नेपाली दम्पत्ती श्याम श्रेष्ठ र शान्ति श्रेष्ठले स्वदेश आएको अवसरमा विभिन्न क्षेत्रमा सहयोग गर्दै आएका छन । यसपटक नेपाल आउदा श्रेष्ठ दम्पत्तीले विपन्न विद्यार्थीलाई स्कुल ड्रेस, ब्याग, जुत्ता वितरण गर्नुको साथै आश्रममा पुगेर खाद्यान्न र आर्थिक सहयोग गरेका हुन् ।

अमेरिकाको डेनभर कोलोराडोमा बसोबास गरिरहेका श्रेष्ठ दम्पतीले सामाजिक संस्था शेयर मिसन इन्टरनेशनलमार्फत तथा व्यक्तिगतरुपमा लामो समयदेखि नेपालमा सामाजिक कार्य गर्दै आएका छन् ।

यसैक्रममा श्रेष्ठ दम्पतिले भक्तपुर कौशलटारमा रहेको मानव सेवा आश्रममा पुगेर खाद्यान्न सहयोग गर्नुका साथै भविष्यमा अन्य सहयोगका लागि सहकार्य गर्ने प्रतिवद्धता समेत जनाएका छन । आश्रममा नै पुगेर त्यहाँ आश्रय लिइरहेकाहरूलाई प्रत्यक्ष देख्दा र सहयोग गर्न पाउँदा दुःख र खुशी दुवै मिलेको संखुवासभा समाज, अमेरिकाकी अध्यक्षसमेत रहेकी शान्ति श्रेष्ठको भनाई छ ।

४६ जनालाई आश्रय दिइरहेको मानव सेवा आश्रम कौशलटारमा पुग्दा शान्ति श्रेष्ठको आँशु रोकिएको थिएन । 'कतिसम्म दुःख आइलाग्दो रहेछ मानिसको जीवनमा भन्ने कुरा यहाँ आएपछि थाहा भयो' -श्रेष्ठले भावुक हुँदै भनिन-'हामीले विभिन्न क्षेत्रमा सकेको सहयोग गर्दै आएका छौ, भोलिका दिनमा पनि यस्तै प्रकारका सहयोग गरिरहने छौं ।'

श्रेष्ठ दम्पत्ती मात्र होइन उनीहरूका छोरी र साना नातिनीहरू पनि सहयोगी भावनाले परिपूर्व छन् । श्रेष्ठ दम्पत्तीका नातिनीहरूले खुत्रुकेमा जम्मा भएको रकम निकालेर युनिभर्सल सेकेण्डरी स्कुल धुम्बाराहीमा अध्यनरत ब्राइट नेपाल अनाथालयमा बस्ने अनाथ विद्यार्थीहरूलाई स्कुल ब्याग हस्तान्तरण गरेका छन् । सो अवसरमा शेयर मिशन इन्टरनेशनलकातर्फबाट पनि ब्राइट नेपाललाई आर्थिक सहयोग हस्तान्तरण गरिएको थियो ।

अरुको पीडा र दुःखमा आँसु आउँने बताउँदै शेयर मिशन इन्टरनेशनल अमेरिकाका संचालकसमेत रहेका श्याम श्रेष्ठले भने 'त्यही भएर सकेको सहयोग गर्नका लागि अगाडि बढिहाल्न मन लाग्छ ।'

शेयर मिशनकैतर्फबाट सरस्वति आधारभूत विद्यालय, मर्जेतपुर कटारी, उदयपुरका १ सय ८९ जना विद्यार्थीलाई विद्यालय ड्रेस र जुत्ता वितरण गरिएको थियो । विद्यालयले भब्यरुपमा 'विद्यालय पोशाक वितरण' कार्यक्रम नै आयोजना गरेर विद्यार्थीलाई ड्रेस हस्तान्तरण गरेको थियो । पोशाक हस्तान्तरणका लागि श्याम श्रेष्ठ स्वयं विद्यालय पुगेका थिए ।

यस्तै श्रेष्ठ दम्पतीले काभ्रेको एक विद्यालयलाई विगतदेखि नै सहयोग प्रदान गर्दै आएका छन भने संखुवासभा तथा जनकपुरमा पनि विभिन्न सहयोग गर्दै आएका छन । अरुको सहयोगका लागि पैसा मात्र होइन मन पनि आवश्यक पर्छ, त्यस्तै फराकिलो छाति भएका अमेरिका निवासी श्रेष्ठ परिवारको मन भोलिका दिनमा अझै फराकिलो बन्दै जान सकोस् ।





# नेपाल इन्भेष्टमेन्ट र मेगा बैंकबीच मर्जर सम्झौता




नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंक नेपाल लिमिटेडबीच एकआपसमा गाभ्न गाभिनको लागि प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर भएको छ। सम्झौतामा नेपाल इन्भेष्टमेण्ट बैंकको तर्फबाट अध्यक्ष पृथ्वी बहादुर पाँडे र मेगा बैंक नेपालको तर्फबाट अध्यक्ष भोज बहादुर शाहले हस्ताक्षर गरी मर्जरको लागि औपचारिकरुपमा कार्य शुभारम्भ गरेका हुन्।

नेपालको वित्तिय क्षेत्रलाई सबल तथा सक्षम बनाउने उद्देश्यका साथ नेपाल राष्ट्र बैंकले अंगिकार गरेको बैंक तथा वित्तीय संस्थाहरूको मर्जर/एक्वीजिसन नीतिको अनुसरण गर्दै दुई बैंकबीच मर्जर सम्झौता भएको हो। इन्भेष्टमेण्ट बैंक तथा मेगा बैंक दुबै वाणिज्य बैंकको क्षेत्रमा अग्रणी बैंकहरूको रुपमा सबल एवम् सक्षम संस्थाको रुपमा सुपरिचित रहेका छन्।

मर्जरपछि बैंकको नाम 'नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड' हुने र सञ्चालक समितिको अध्यक्षको रुपमा पृथ्वी बहादुर पाँडे तथा प्रमुख कार्यकारी अधिकृतको रुपमा ज्योती प्रकाश पाण्डे रहने सहमति भएको छ। त्यसैगरी मर्जरपछि बन्ने बैंकको नयाँ सञ्चालक समितिमा दुवै बैंकको सञ्चालकहरूको प्रतिनिधित्व रहनेछ।

हाल नेपाल इन्भेष्टमेण्ट बैंकको चुक्ता पूँजी रु.१८.३१ अर्ब तथा मेगा बैंकको चुक्ता पूँजी रु. १६.१२ अर्ब रहेकोमा दुबै बैंक एक भएपछि बैंकको चुक्ता पूँजी ३४.४३ अर्ब हुनेछ। त्यसैगरी हाल नेपाल इन्भेष्टमेण्ट बैंकको जगेडा तथा कोष रु. १४.८२ अर्ब र मेगा बैंकको रु. ५.९२ अर्ब, कर्जा लगानीतर्फ हाल इन्भेष्टमेण्ट बैंकको रु. १७३.४६ अर्ब र मेगा बैंकको रु. १५०.४६ अर्ब र निक्षेपतर्फ इन्भेष्टमेण्ट बैंकको रु. १८२.०१ अर्ब र मेगा बैंकको रु. १५२.०८ अर्ब रहेको हुँदा मर्जरपछि हरेक क्षेत्रमा सबल बैंक हुनेछ।

दुबै बैंकहरू एक आपसमा गाभिए पश्चात् संस्थाको पूँजी वृद्धि, कार्य क्षेत्र तथा कार्य क्षमतामा अभिवृद्धि हुनुका साथै मुलुकको एक सबल एवम् सक्षम बैंकको रुपमा वित्तीय बजारमा स्थापित भई ग्राहकवर्गलाई थप उत्कृष्ट सेवा तथा सुविधा प्रदान गर्न तथा लगानीकर्ताहरूलाई राम्रो प्रतिफल दिन सक्षम हुने विश्वास र प्रतिवद्धताका साथ यो मर्जर कार्यमा लागेको दुबै बैंकका अध्यक्षहरूले जानकारी गराएका थिए। उनीहरूले यो रुपान्तरणकारी प्रयासमा हौसला दिने तथा साथ एवं सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित सम्पूर्ण क्षेत्र तथा शुभेच्छुकहरूप्रति आभार व्यक्त गरेका थिए।

# सिटी एक्सप्रेस र काठमाडौं महानगरबीच सहकार्य

सिटी एक्सप्रेस मनी ट्रान्सफरले कमलादीस्थित आफ्नो प्रमुख कार्यालयको शौचालयलाई निःशुल्क सार्वजनिक शौचालयको रूपमा उपलब्ध गराउने भएको छ।

काठमाडौं महानगरपालिकाले सार्वजनिक शौचालयको पहुँच जनस्तरसम्म पुऱ्याउनको लागि होटल तथा अन्य संस्थाहरूलाई कार्यालयमा भएको शौचालयलाई सार्वजनिक बनाउन आह्वान गरेकोमा सिटी एक्सप्रेस मनी ट्रान्सफरले उक्त आव्हानप्रति ऐक्यवद्धता जनाउदै आफ्नो प्रमुख कार्यालयको भुईतल्लामा अवस्थित शौचालयलाई निःशुल्क रूपमा सर्वसाधारणलाई प्रयोग गर्न दिने भएको छ।




सिटी एक्सप्रेसको प्रस्तावसँगै काठमाडौ महानगर प्रहरी बलका प्रमुख धनपती सापकोटाले सिटी एक्सप्रेस मनी ट्रान्सफरका चिफ बिजनेस अफिसर श्याम लामिछानेलाई सार्वजनिक शौचालयको संकेत बोर्ड हस्तान्तरण गरेका हुन।

सिटी एक्सप्रेसले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै 'जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस' भन्ने आफ्नो नारालाई आत्मसाथ गर्दै बिगत १५ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५,००० भन्दा बढि भुक्तानी केन्द्रहरू मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरू प्रदान गर्दै आइरहेको छ।




## आइएमईले मनायो २२औं **वार्षिकोत्सव**

# रेमिट्यान्सले ग्रामिण क्षेत्रको दुःखी जीवनलाई सुखी तुल्याएको छ : अर्थमन्त्री शर्मा

नेपालको पहिलो एवं नेतृत्वदायी रेमिट्यान्स कम्पनी आइएमईले आफ्नो स्थापनाको २२औँ वर्ष प्रवेशको अवसर पारेर बार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको छ। बार्षिकोत्सव समारोहलाई अर्थमन्त्री जनार्दन शर्माले उदघाटन गरेका थिए।

वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा अर्थ मन्त्री जनार्दन शर्माले रेमिट्यान्सलाई औपचारिक माध्यमबाट स्वदेश भित्र्याउन आइएमईले गरेको योगदानको प्रशंसा गरेका थिए। विप्रेषणले ग्रामीण क्षेत्रको खर्च गर्ने क्षमता वृद्धि भएको उल्लेख गर्दै अर्थमन्त्री शर्माले भने-'विप्रेषणले ग्रामीण क्षेत्रको खर्च गर्ने क्षमता वृद्धि गरेको छ, यसले गरिबी निवारण गर्ने सरकारको पहलकदमीमा पनि धेरै मद्दत मिलेको छ।'

विप्रेषण वैधानिक प्रणालीमार्फत भित्र्याउन सरकार लागिपरेको सन्दर्भ जोड्दै उनले अवैधानिक गतिविधिलाई नियन्त्रण गर्न आइएमई जस्ता संस्थाले विशेष ध्यान दिनुपर्ने बताए। मुलुकको अर्थतन्त्रको ठूलो हिस्सा समेटेको विप्रेषणलाई व्यवस्थित बनाउन आइएमईले महत्वपूर्ण योगदान दिएको अर्थमन्त्री शर्माको भनाइ छ।

आइएमई स्थापनाको सुरुवाती दिनको स्मरण गर्दै आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले आजको अवस्थासम्म आउन निकै संघर्ष गर्नु परेको बताए। 'सुरुमा एउटा कोठामा ३-४ जना बस्ने, त्यही सिंगल खाट, किचन लगायत सबै कुरा त्यहि हुन्थ्यो र त्यसैबाट आइएमईको सुरुवात गरिएको थियो ' अध्यक्ष ढकालले स्मरण गरे। 'एउटा कोठाबाट सुरुवात भएको संस्थाले ४० हजारलाई रोजगारी दिने कुरा निजी क्षेत्रका लागि यो भन्दा ठूलो कुरा के हुन्छ ?' ढकालले भने -'एउटा सानो कोठाबाट शुरूवात भएको आइएमई रेमिटेन्सको पर्यावाची बनेको देख्दा खुसी लाग्छ, यो सबै टिमवर्कको सफलता हो।'

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य सचिव शङ्करदास बैरागीले औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउन आइएमई जस्ता संस्थाको महत्वपूर्ण भूमिका रहेको जनाउँदै यसले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको बताए। यस्तै अर्थसचिव मधुकुमार मरासिनीले आइएमईले विदेशी मुद्रा भित्र्याउने संस्कृतिमा रुपान्तरण गरेको बताउँदै रेमिट्यान्सको रकम बढी घरखर्च र विलाशितामा खपत भइरहेकामा आउँदा दिनमा पूँजी निर्माणमा प्रयोग गर्नुपर्नेमा जोड दिए।

यस्तै श्रम सचिव एकनारायण अर्यालले पाँच हजार श्रमिक रहेका ठाउँमा आफ्ना सेवाकेन्द्र स्थापना गर्न आइएमई व्यवस्थापनलाई सुझाव दिए भने नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेलले रेमिट्यान्ससँग सम्बन्धित विभिन्न डाटा प्रस्तुत गर्दै आइएमई परिवारलाई बधाई तथा शुभकामना व्यक्त गरे।

माइग्रेन्ट विज्ञ एवम् राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. गणेश गुरुङले आफूले आइएमईलाई प्रसव बेदनादेखि नै चिन्दै आएको बताउँदै आफु नै डुबेर कंगाल हुन सक्ने अवस्थासम्मको जोखिम मोलेर ढकाल दाजुभाइले आजभन्दा २२ वर्ष अघि आइएमई स्थापना गरेको उल्लेख गरे। नेपाल चेम्बर अफ कमर्शका पूर्वअध्यक्ष डा. राजेश काजी श्रेष्ठले आजभन्दा २२ वर्षअघि आइएमईको उद्घाटन कार्यक्रममा आफु जान आनाकानी गरेको स्मरण गर्दै अहिले आइएमईको यो फैलिँदै स्वरूप देखेर आफुलाई खुशी लागेको बताए। नेपाल उद्योग परिसंघका अध्यक्ष बिष्णुकुमार अग्रवालले सन् १९९४ मा क्षेत्रपाटीमा एउटा सानो ग्रोसरी संचालन गरेको व्यक्ति तीन दशक नपुग्दै यो अवस्थामा आइपुग्नु उद्यमशीलताको एक विशिष्ट नमुना भएको बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै आइएमई ग्रुपका सहसंस्थापक एवम् प्रबन्ध निर्देशक हेमराज ढकालले अवसरको खोजीमा नेपाली यूवा विदेशिन थालेसँगै उनीहरूले रगत पसिना बगाएर आर्जन गरेको रकम सुरक्षित तवरले आफन्तको हातसम्म पुऱ्याउन एउटा माध्यम चाहिएको अवस्थामा आजभन्दा २२ वर्ष अघि आइएमईको जन्म भएको बताए।

आइएमईका संचालक एवम् आइएमई ग्रुपका सिनियर भाइस प्रेसिडेन्ट सुमन पोखरेलले मुलुकका खास खास अप्ठ्याराहरूमा आइएमईले आफ्नो सेवालाई प्रभावकारी ढंगले संचालन गरेको सम्मान स्वरूप एउटा भरपर्दो ब्राण्डको रूपमा स्थापित भएको बताए। यस्तै आइएमईका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले आइएमईले २१औं वर्ष पुरा गर्दैगर्दा धेरै क्षेत्रमा सम्बन्ध स्थापित गर्ने अवसर आइएमईले प्राप्त गरेकाले आगामी दिनमा झनै परिष्कृत, सरल, प्रविधियुक्त, सुरक्षित र भरपर्दो रेमिट्यान्स सेवा प्रवाह गर्नका लागि प्रतिवद्ध रहेको बताउँदै २२औं वार्षिकोत्सव सम्बन्धको भन्ने मुख्य थीममा आधारित रहेर यो वर्षभरी विभिन्न कार्यक्रमहरूलाई अगाडी बढाउने बताए।






# उत्तरी नाकामा देखिएका समस्या समाधान गर्न व्यवसायीहरूको आग्रह

उत्तरी नाकाबाट सामान आयात गर्ने व्यवसायीहरूको साझा संस्था नेपाल हिमालय सीमापार वाणिज्य संघले २२ औं साधारणसभा सम्पन्न गरेको छ। पूर्व सुचना तथा संचार मन्त्री मोहनबहादुर बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभामा व्यवसायीहरूले उत्तरी नाकामा देखिएका समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।

कार्यक्रममा पूर्वमन्त्री बस्नेतले विभिन्न महामारी तथा प्राकृतिक बिपत्तिको समयमा पनि नेपाल हिमालय सीमापार वाणिज्य संघले नेपालको व्यापारिक क्षेत्रलाई उचाईमा पुऱ्याएर अर्थतन्त्रमा टेवा पुऱ्याउन अहम् भुमिका खेलेको बताउँदै अहिले उत्तरी नाकामा देखिएका समस्याप्रति सरकारको ध्यानकेन्द्रित नरहेको र छोटो दुरी हुँदा पनि सामुन्द्रिक बाटोबाट मँहगो भाडामा सामान आयात गर्नुपरेको बताए। पूर्वमन्त्री बस्नेतले आफु पदमा नभएपनि व्यापारीहरूका समस्याहरूलाई समाधान गर्न तत्पर रहेको जानकारी दिदै जस्तोसुकै परिस्थितिमा पनि सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

संघका अध्यक्ष अशोककुमार श्रेष्ठले चिनसँगको व्यापार अभिवृद्धिमा संघले स्थापानाकालदेखि नै योगदान पुऱ्याउँदै आइरहेको र आयात निर्यात अभिवृद्धिमा संस्थाका सबै साथीहरू निरन्तर लागिरहेको भन्दै आगामी दिनमा पनि थप कटिवद्ध भएर लाग्ने प्रतिबद्धता व्यक्त गरे । उत्तरी नाकामा भएका समस्याहरू समाधान गरिदिन सरकार समक्ष आग्रह गर्दै अध्यक्ष श्रेष्ठले संस्थाले विगतदेखि गर्दै आईरहेको बिभिन्न सामाजिक हितको कामहरूको बारेमा समेत प्रष्ट पारेका थिए ।

त्यस्तै संघका बरिष्ठ उपाध्यक्ष रामहरी कार्कीले व्यवसायीहरूले विगतदेखि नै धेरै समस्या झेल्नुपरेको र त्यसमा सरकारले खासै चासो नदेखाएको गुनासो गरे ।

कार्यक्रममा स्थानिय निकायको चुनावमा निर्वाचित भएका नेपाल हिमालय सीमापार वाणिज्य संघका जनप्रतिनिधिहरूलाई सम्मान समेत गरिएको थियो ।

# माछापुच्छ्रे स्मार्ट मुद्दती खाता संचालनमा




माछापुच्छ्रे बैंक लिमिटेडले ग्राहकहरूको सुविधालाई मध्यनजर गर्दै माछापुच्छ्रे स्मार्ट मुद्धती खाता संचालनमा ल्याएको छ। उक्त खाताअन्तर्गत ग्राहकहरूले साढे ६ वर्षमा आफूले जम्मा गरेको रकमको दुईगुना रकम (डबल रकम) प्राप्त गर्न सक्ने छन ।

माछापुच्छ्रे स्मार्ट मुद्धती खाता न्यूनतम रु. ५०,००० मा नै खोल्न सकिने र यस खातामा रहेको साँवा रकमको ९०% सम्म ऋण ग्राहकलाई प्रदान गर्ने बैंकले जनाएको छ। इच्छुक ग्राहकले बैंकका देशभर रहेका १६५ शाखाहरूबाट यो खाता खोल्न सक्ने पनि बैंकले जानकारी दिएको छ।

माछापुच्छ्रे बैंकले हाल देशका ७ वटै प्रदेशमा १६५ शाखा, ८ एक्सटेन्सन काउन्टर, १६६ शाखारहित बैंकिङ्ग सेवा, २०५ एटिएम मार्फत १३ लाख भन्दा बढी ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ।

# ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डूबीच मर्जर सम्झौता

ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडबीच एक आपसमा गाभ्ने गाभिनको लागि प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर भएको छ। उक्त समझदारीपत्रमा ग्लोबल आइएमई बैंककोतर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल तथा बैंक अफ काठमाण्डूका तर्फबाट बैंकका अध्यक्ष प्रकाश श्रेष्ठले हस्ताक्षर गरेका छन्।

मर्जर पश्चात् बन्ने नयाँ बैंकको नाम ग्लोबल आइएमई बिओके लिमिटेड हुने र सञ्चालक समितिमा ग्लोबल आइएमई बैंककोतर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकालसहित ५ जना र बैंक अफ काठमाण्डूको तर्फबाट २ जना रहने सहमति भएको छ। त्यसैगरी बैंकको प्रमुख कार्यकारी अधिकृतमा रत्नराज बज्राचार्य रहने प्रारम्भिक सहमति भएको छ।

ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डूको सम्पत्ति तथा दायित्वको मूल्याङ्कनबाट शिफारिस भई आउने स्वाप रेसियोबाट अन्यथा कायम हुन आएमा सोही अनुसार समायोजन हुने गरी हाललाई १:१ को स्वाप रेसियो कायम गर्ने प्रारम्भिक समझदारी भएको जनाइएको छ।

मर्जर पश्चात् बैंकको कूल पुँजी रु. ५२.२९ अर्ब, चुक्ता पूँजी रु. ३४.४१ अर्ब, कूल निक्षेप रु. ३८४ अर्ब, कूल कर्जा रु. ३८० अर्बसहित




कूल पुँजी, चुक्ता पुँजी तथा व्यवसायको आकारको हिसाबले नेपालको सबै भन्दा ठूलो बैंक हुनेछ। दुवै बैंकले जेष्ठ मसान्तसम्म ६ अर्ब रुपैयाँ भन्दा बढी खुद नाफा आर्जन गरी सकेका छन्।

दुई बैंकहरूको ३८५ शाखा कार्यालय, ३६७ एटिएम, २७५ शाखारहित बैंकिङ्ग सेवा, ६१ विस्तारित शाखा कार्यालयहरू, ३ वटा विदेशस्थित सम्पर्क कार्यालयहरू, ३७ लाख भन्दा बढि ग्राहकहरूसहित अन्य धेरै वित्तीय परिसुचकहरूमा ग्लोबल आइएमई बिओके लिमिटेड मुलुकको सबै भन्दा ठुलो बैंक हुनेछ।



# लछुमनको डायरी

लछुमनको डायरी निकै भरिएका छन्- रिन दिनेका नाम, गाउँ र आनीबानी बारे। लछुमनले आशा गरेर लेखिरहेको छ- 'एक दिन त्यो रुपियाँले खोज्दै मसम्म आइपुग्छ। किनभने त्यहाँ मेरो परिश्रम परेको छ।'

कोरिया तीन वर्ष बस्यो ऊ।

त्यसपछि फेरि कतार दुई वर्ष गयो। दुई-दुई खेप विदेश गएकाले गाउँमा मन रमाएन। ऊ कुवेततिर गइछाड्यो।

गएको चारवर्षदेखि ऊ यतै काम गरिरहेको छ।

कुवेतको काम उसलाई सजिलो लागेको छ। ऊ अर्थात् लछुमन यादव। जनकपुरमा हुर्कियो ऊ।

जनकपुरधामको चोक नजिकै छ उसको घर। लछुमनलाई बजारमा नचिन्नेहरू कमै होलान्। ऊ सबैको प्यारो लछु, लछुमन।

लछुमनले धेरैलाई सरसापट दिएको छ, ऊ मनकारी छ। अरुको दुःखले उसलाई छिटै छुन्छ। उसले धेरै-धेरैलाई रुपियाँ सरसापट दिएर सघाएको छ।

त्यो सरसापट उसले डायरीमा टिपेर राखेको छ।

कोरियामा छँदा उसले छिमेकी राधालाई पाँच हजार दिएको थियो। एक दिन ऊ खाना खाएर पल्टिरहेको थियो। ढोकामा कसैले टकटक गरेको सुन्यो।

लछुमनले यसो चिहाएर हेऱ्यो।

'ओहो, राधा बैनी। आउनु-आउनु।'

राधाले कोठामा छिर्दै भनिन् -'नेपाल सामान पठाउनु परेको छ। २५ हजार पैसा आपत पऱ्यो। लौन, सघाउनु पऱ्यो।'

उसले आनाकानी नगरी पैसा दियो।

'लछुमनजी, अर्को मैना तिर्छु ल।'

'हुन्छ नि, व्यवहार टार्नु होला।'

लछुमनले यति भनेर बिदा गऱ्यो। एक मैना, दुई मैना हुँदै छ मैनापछि एक दिन एउटा कच्याककुचुक भएको खाम लिएर राधा आइन्।

'ढिलो भयो है। सरी' उनले खाम दिदै भनिन्।

घरमा आएर खाम खोल्यो। त्यहाँ बीस हजार मात्रै थियो।

लछुमनले आफ्नो डायरीमा लेख्यो -'रु पाँच हजार बाँकी।'

कोरियामा नै छँदा देबुकलाको भाइले



■ युवराज नयाँघरे

छुट्टीको दिनमा ऊबाट पचास हजार लिएर गएको थियो।

'दाइ अहिले घर बन्दैछ नेपालमा। अहिले अलि गाह्रो छ। केही पछि तिर्छु है' उसले यसो भनेर गएको पनि धेरै भयो। तर अहिलेसम्म लछुमनले दिएको पैसा फर्काएको छैन।

लछुमनले भर्खरै सुन्यो -'घर बनाए लगत्तै अर्को घडेरी पनि विराटनगरमा जोडेको छ रे देबुकलाको भाइले।'

उसले आफ्नो डायरीमा लेखेको छ -'देवुकलाको भाइलाई सापट दिएको रकम पचास हजार।'

कतार पनि दुई वर्ष बस्यो ऊ। त्यहाँ पनि एउटा काठ कम्पनीमा काम गरेको थियो। पैसा राम्रो आउने भएकाले लछुमनले रमाएरै काम गऱ्यो।

सिराहाको भोजप्रसादले एक दिन उससँग भनेको थियो -'घरमा बुवाको खुट्टा भाँचिएको छ रे। आमाको ढाड सड्किएर थला परेकी छिन् रे। श्रीमती सुत्केरी भएर माइत गएकी छ। केही पैसा घरमा पठाउन खोजेको। अहिले तलब आएको छैन। कतैबाट सापट पाइन। के गर्ने होला ?'

भोजप्रसाद अर्को अपार्टमा बस्थे। उनले त्यो रातको खाना पनि त्यही खाएका थिए।

उनी गएपछि लछुमनका मनमा कुरा खेले।

'यो मान्छेलाई निकै दुःख परेछ। माग्न सकेनन्। केही सहयोग त गरेकै राम्रो होला। आखिर पछि फर्काई त हाल्छन्।'

साँझमा आफै गएर लछुमनले पचास हजार दिएर भन्यो -'भाइ भोजप्रसाद तिमीलाई निकै आपत परेको देखें। लौ यो पैसाले अहिलेको आपतबाट उक्सिनु। पछि सरसापट मिलाउँदै जाउँला।'

त्यसलगत्तै अर्को वर्ष लछुमन नेपाल फर्कियो। कतार बसुन्जेल भोजप्रसादले तिर्ने संकेत दिएन। आज ऊ अर्कै देशमा छँदा पनि



फर्काएको छैन ।

अस्ति भर्खरै त लछुमनले डायरीमा लेख्यो-'भोजप्रसादले पनि पचास हजार फर्काएको छैन ।'

कतारमै छँदा हरकिसनले दश हजार र रमानन्द ठाकुरले तीस हजार सापट लगेथे । ती हिजोआज कता छन् ? सम्पर्कमा किन नआएका होलान् ? मनमा खुबै कुरा खेल्छन् लछुमनका ।

'भाइको खुट्टो सड्केको छ रे । एक हप्तापछि मेरो पैसा आउँछ । अहिलेलाई मद्धत गर साथी' रमानन्दले हातै जोडेका थिए । दुःख सुनेपछि लछुमनले खराखर गनेर दिएथ्यो ।

'तिम्रो पनि त दुःख म बुझ्छु नि । बुझ्नेलाई मैले झन् बढी बुझ्छु' रमानन्दले यसै भनेर लगेथ्यो सापटी । तर लग्यो मात्र आजसम्म फर्काएको छैन ।

त्यही बेला लेखेको थियो लछुमनले -'रमानन्दले कहिले सापट फर्काउला पचास हजार रुपियाँ ।'

कतारमै बस्दा रमीला र भीमकुमारी गुरुङ्गले पनि बीस-बीस हजार सापट लगेथे ।

'हामी त खान्नम् । तिर्छम् ।'

'पक्का' यसै भनेर गएदेखि आजसम्म फोन उठाएका छैनन् । न फोन नम्बर नै फेरिदिएर बसेका छन् कि ?

मनलाई सन्तोष दिन लछुमनले आफ्नो डायरीमा लेखेको छ -'रमीला र भीमकुमारीले नि सापट फर्काउने वचन पुरा गर्लान् । किनभने तिनले पक्का भनेर गएका छन् ।'

कुवेत बस्न थाले पनि लछुमनलाई पुरानो ठाउँका साथीहरूले सम्झना गरिरहन्छन् । पाँच वर्ष अगाडी शान्ता दिदीले दश हजार माग्दा भनेकी थिइन् -'लछु भाइ, म साह्रै अप्ठेरोमा परेकी छु । मेरी सासुलाई हस्पिटलबाट घर लैजान पैसा नै भएन ।'

'अहिले मलाई सघाउनु । म महिना दिन कटाउँदिन नि । तपाईको सापटी पैसा फर्काउँछु है' लछुले दिदीलाई पैसा दिएथ्यो ।

दिदीसँग कतारमा भेट भएन त्यसपछि । त्यसपछि अर्को कुरा पो उसले सुन्यो -'दिदीले धेरैसँग त्यस्तै बहानामा पैसा सापट माग्छिन् रे ।' लछुमनले पुरानो डायरीमा लेखेको रहेछ -'शान्ता दिदीले लगेको सापटी पैसा दश हजार मात्रै त हो । त्यो एक दिन फर्किन्छ होला । म निराश किन हुने ?'

पान पसले पनि कुवेत आइपुगेछ । उता उसको राम्रो नै थियो कमाइ । कमाइ भन्दा पनि ऊ परिवारसँग बसेको थियो । सँगै बस्नु त ठुलो कुरा हो परिवारमा ।

'जे होस् एउटै गाउँका सँगै भइयो ।'

कुवेतमा रामलखन भेटेपछि लछुमन रमाएको थियो । भेटेकै दिन उसले बेलुकी खाना खान बोलाएको थियो । तर आफ्नो डिउटी नमिल्नाले रामलखन तेस्रो हप्तामा मात्रै आउने भयो ।

अनि आयो पनि । त्यो रात दुबैजनाले निकै रमाइलो गरे । जाने-नजाने पनि जेरी पकायो उसले ।

लछुमन र रामलखनले आत्मीयता साटेर खाए । रमाइलो माने दुबैले । भोलीपल्ट हिड्ने बेलामा खुबै भित्र बाहिर गऱ्यो रामलखनले । उसको फोन पनि निकै पटक बजिरह्यो । अलिक अँधेरो अनुहार बनाएथ्यो रामलखनले ।

'के भयो ?'

लछुमनले आफैं सोध्यो ।

'पहिलो भेटमै के दुःख भन्नु भनेर । गाउँमा बुवाले भैंसी किनेका रहेछन् । पैसा तिर्न नसकेर हैरान भएछन् । मेरो पनि अर्को महिना त आइहाल्छ । अहिले मात्र गाऱ्हो परेको हो ।'

'पाउनासाथ भैंसीको रिन चैं तिरीहाल्थें ।'

रामलखनले भन्यो र गर्दनको हड्डी करक्क पड्कायो । अनि विदा हुनलाई जुत्ता लगायो ।

लछुमनले भित्र पसेर भन्यो -'यी तीस हजार होला नेपालको । काम चलाउनु ।'

अर्को महिनासम्म त फोन उठ्दै थियो । त्यसपछि रामलखनले सम्पर्क गरेको पनि छैन । लछुमनले सुन्यो ऊ गएको हप्ता नेपाल गइसक्यो ।

'अब नेपालमै गएर त्यो दिएको पैसा उठाउनुपर्ला !'

लछुमनले डायरीमा लेखेको छ ।

उसको डायरी निकै भरिएका छन् - रिन दिनेका नाम, गाउँ र आनीबानी बारे । लछुमनले आशा गरेर लेखिरहेको छ -'एक दिन त्यो रुपियाँले खोज्दै मसम्म आइपुग्छ । किनभने त्यहाँ मेरो परिश्रम परेको छ ।'

के लछुमनले कल्पना गरेको भावना सुन्ने समाज बन्ला त ?


सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका लागि
हामीलाई सम्झनुहोस ।

Govt. Reg No. 406/060/61



The River Overseas Pvt. Ltd.
Battisputali, KTM, Nepal, Ph: 01-4462431, 4462432
E-mail : theriver@wlink.com.np, www.theriveroverseas.com

# युवा पलायनको मारमा गाँउघर

कति हवाइजहाजको आवाजतिर फर्केर हेर्छन् आकासतिर। कतिदिन पर्खीनसक्ने हुन् थाहा छैन। तैपनि गाउँ मलिलै छ। तिनकै भरमा धान फल्छ, दुध दही खान पाइन्छ। दसैँ तिहार आउँछ र जान्छ पनि।



■ शम्भु सुस्केरा

को छ र गाउँघरमा आजकाल।

न छोरा छन् न नाति। हुर्केका छोरी पनि अर्काको घर गए। हुँदाहुँदा बुहारी पनि की शहर पसे, की विदेशै भासिए। उमेर ढल्दै गएका, काममा पालो पाउने वेला भएकाहरू मात्रै छन् गाउँमा। काममै जोतिइरहेका छन् निरन्तर।

साँझ भजनकिर्तन सकेपछि कुरा चले यस्तैयस्तै।

भजनकिर्तनमा पनि पाका स्वरहरूमा कलिला स्वर मिसिएका छन् बालबालिकाका र केही बुहारीहरूका निरस आवाज पनि मिसिएका छन्।

हामीले त केही गर्न सकेनौं भन्दै क्षमताभन्दा धेरै गरिरहेका युवाहरू छन् सबैको भरअभर।

के गर्नु गाउँमै बसेर गाउँ धानेका छौं। गाउँमा हुनेको भन्दा गाउँमा नहुनेकै मान, सम्मान गर्छन् सबै।

कसैकोमा कार्जे परोस् कि आपतबिपत धान्ने तिनै छन्। जन्ति जान होस् की मलामी साथ तिनकै छ। तर तीन वर्षमा एकचोटी आएर उपरखुट्टी लगाउनेले पाउँछ सबैको माया र मिठो मसिनोचाहिँ।

एकजना दाइले भन्दै थिए दुईटी छोरी पढाइयो ठाउँमा पुऱ्याईयो। तिनले जे गर्छन् आफैं गर्छन्। एउटी काठमाडौंमा छे। उसका लागि केही गर्न सकिएन। व्यापार त राम्रै गरेका छन्।

जो विदेशमा छन्, अर्काको नोकर भएर हस् हजुर गरिरहेका छन्। तिनका लागि समय आफ्नो छैन। जीवन आफ्नो छैन। परिवारका लागि आफू छैन। तिनमै गर्व गर्छ हाम्रो समाज। जो देशमा छन् आफ्नै मर्जीको मालिक बनेर शानले श्रम बेचेर बसेको छ उसप्रति पश्चाताप गर्छन् बाबुआमा।

अनि कसरी बसुन् हुर्केकाहरू गाउँ घर र देशमा ?

तैपनी आशलाग्दै गरी पसिना बग्न थालेका छन् अचेल। सबैका मनमा आधुनिक र व्यावसायिक खेतिको लत सुरू भएको छ। तर तिनका साथमा न सरकार छ न कामदार। केबल जमीन छ। न सिप छ न लगानी केबल जाँगर छ। त्यही जाँगरको भरमा जुट्दै छन्। उठ्दै छन्।

कोही बाख्राका उन्नत जात लिएर उठदैछन्, कोही गाई भैसीका उन्नत जात डोऱ्याएर उठ्दैछन्। कोही धान, मकै, तोरी र माछाका नयाँ जातहरू बोकेर जुरमुराउँदैछन्।

तिनीहरूसँग ती बुढी अझै पनि छैनन् आलिमा बसेर हौसला दिने। डाडाघरे हजुरबा पनि छैनन् कथा सुनाएर मेलो सक्न सघाउने। न दौंतरीहरू छन्।

उसबेला सँगै जोतेखनेका पर्मिमित्र पनि छैनन्।

न धान रोप्ने बेलामा खेत हिल्याउँदा माछा समात्न सघाउने काका छन्। न हात्ती खेदाउन मध्येरातमा हल्ला गर्दै पटका पड्काउने ठूलदाइ छन्। कोही चितामा जले कोही अरबको तापमा जलिरहेका छन्। अझै जल्नेछन् कति समय थाहा छैन।

बेहुली भित्र्याएको एक महिनामै छोडेर हिँडेको बेहुलोको पर्खाइमा छन् कति बुहारीहरू। कति त हिँडे रे अर्कैसँग।

कति हवाइजहाजको आवाजतिर फर्केर हेर्छन् आकासतिर। कतिदिन पर्खीनसक्ने हुन् थाहा छैन। तैपनि गाउँ मलिलै छ। तिनकै भरमा धान फल्छ, दुध दही खान पाइन्छ। दसैँ तिहार आउँछ र जान्छ पनि।

पञ्चायतको बाटो लमतन्न सुतेकै छ।



कुनबेला हो गाउँ पञ्चायले बनाएको थियो । उसबेला जसरी जुन अनुहारमा थियो उस्तै छ अझै । सुतिरहेकै छ । त्यसमाथिको काठे पुल बगेछ अचेल । डोजर चलेछ । खेत मासेर बाटे विकास थपिएछ । पुलमाथि बसेर खुट्टा हल्लाउँदै पानी खेलेको कथा आजका बालबालिकालाई सुनाउने कोही छैन । बरू ह्युमपाइप छ त्यो पुल बिस्थापित भएर । त्यसैमा लुकामारी खेलेर रमाएका छन् सानाहरू । घाँसे हरिया सडकहरू धुलाम्मे र ग्राबेले भएछन् धुलो उँड्ने । विदेशबाट फर्केकाले दौडाएका ट्याक्टर र भटभटेले धुलो उडाउँदै सान बाँडेको छ सबैका आँखामा ।

मन्दिरको अनुहार फेरिएको छ । आकार फेरिएको छ । सम्पति थपिएको छ । कोषमा रकम जम्मा गर्ने छोराहरू थपिएका छन् विदेशबाटै ।

बाबुहजुरबाबुहरू समिति चलाएर गर्वले बसेका छन् । वार्षिक साधारणसभामा मजाले भाषण गर्छन् हामीले हाम्रो सनातन बचाएका छौं । परम्परा धानेका छौं । ईश्वरको कृपाले देश विदेशमा भएका छोरा नातिहरूको उन्नति भएको छ । तिनका सन्तानहरूले पढेका छन् । तिनका पक्की घर बनेका छन् । तिनका श्रीमतीले सत् धानेका छन् ।

लामो लस्कर लगाएर वन लैजाने गाइवस्तु छैनन् कसैसँग । न गोठालो जाने ठिटाठिटी छन् न हजुरबा हजुरआमा छन् ।

देब्रेको लहरामा मच्चिएर पिङ खेल्ने प्रेमी जोडी पनि छैनन् अचेल । प्रेम सामाजिक सञ्जालमै साँघुरिएको छ । ओल्लोपल्लो ढल्केवरमा चढेर दोहोरी गाउने भाका पनि छैन आज, त्यसको ईतिहास पनि छैन ।

गोरू जुधाएर जित-हारको बाजी मार्ने तातो कथा कसैलाई थाहा छैन । न बाख्रोमा बोको लाग्दा लजाउने तरुनी छन् । न भैसीमा राँगो लगाउँदा राँगोलाई मद्दत गर्ने बा छन् । न त्यो समय छ जंगलमा ।

छन् त केबल कहिलेकाहीँ गाउँ पसेर बाली मास्ने हात्ती छन् । ती अझै भोकै छन् । कहिल्यै अगाउने छैनन् पनि । घरीघरी वस्तीमा पसेर धानका बोरा छरिदिन्छन् । पाकेको बाली खाइदिन्छन् ।

त्यही पनि खान नपाएका बेला बाझो खेत देखेर रिसाएपछि घरकै टाटी भत्काएर नुनकै बोरा छरिदिन्छन् । तिनलाई लखेट्ने पुराना अनुहारहरू सिथिल छन् । केही नयाँ अनुहारहरूको भरमा हात्तीबाट जोगिएका छन् झुप्रा घर र पाकेका बालीहरू ।

धन्न अचेल हात्तीले जमिन टेक्नेबित्तिकै मुचुल्का कागज लेख्न प्रहरी आउने रहेछ र नगरपालिका तम्सिनेरहेछ क्षतिको पूर्ति गर्न ।

यत्तिले मात्र कर्तव्य पुरा हुन्छ र गणतान्त्रिक पालिका ?

अब तिमीहरूले हरेक युवाहरूको पलायनको क्षतिपुर्ति गर्नुपर्नेछ । बाँझिएको र अम्लिएको जग्गाको क्षतिपूर्ति गर्नुपर्नेछ । उमेरको फल खान नपाएका दुलहीहरूको समयको क्षतपूर्ति गर्नुपर्नेछ । बाबुको साथ नपाएका बालबालिका र छोराहरूको हार र काँध नपाएका बाआमाको क्षतिपूर्ति गर्नुपर्नेछ ।

आफ्नै थोरै माटोमा सुन् फल्ने सम्भावनाको ऐना देखाउनुपर्दछ । मल, बिउ, पानी र लगानी जुटाएर विदेश जाने ढोका ढ्याप्पै नथुनी सुख छैन ।

असिना र पसिनाको मुल्य ग्यारेन्टी गरिदिए । फलेको फलको लागि बजार पक्का गरिदिए । गाउँका युवाहरूले आशाको सास नफेरी सुखै छैन । विदेशमा परिवारबिहिन एक्लिएकाहरू गाउँ पस्ने थिए ।

देश पाउलिने थियो । राष्ट्रको ऋण घट्ने थियो । व्यापार घाटा तल झर्ने थियो । बाबुआमाहरूले स्याहार पाउने थिए । लोग्नेहरूले अर्की ल्याउने थिएनन्, स्वास्नीहरू अन्त जाने थिएनन् । बाआमा ज्युँदै भएर पनि बालबालिका टुहुरा हुने थिएनन् ।

सिङ्गै देश र देश भित्रका सबै गाउँहरू हरभरा हुने थिए । नेपालको नाम गरिब नेपाल होइन समृद्ध नेपाल हुने थियो । नेपालीको नाम मजदुर हुने थिएन । स्वाभिमानी र पौरखी हुने थियो ।

के तपाईलाई पनि यस्तै लाग्छ ? प्रश्न मेरो जवाफ हामी सबैले खोज्ने कहिले ।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS GROUP

SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal

Tel: 1-4365986 to 89 & 4366137/8

E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np




# 'सहायक श्रीमान' एडफोर्ड महोत्सवमा

संचारकर्मी गणेश पाण्डेद्धारा निर्देशित बहुचर्चित बृत्तचित्र 'सहायक श्रीमान' (को-हजबेन्ड) अमेरिकाको एडफोर्ड अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा छनौट भएको छ।

यो बृत्तचित्रले यसअघि रसिया, भारत र स्लोभाकियामा पुरस्कार जितिसकेको छ भने नेपालमा भएको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट अवार्ड जित्न सफल भएको थियो।

कर्णाली प्रदेशको हुम्लामा छायाँकन गरिएको यो बृत्तचित्र ३५ मिनेटको छ। यसमा एउटा घरमा जति दाजुभाई छन सबैले एउटै श्रीमती बिहे गर्ने चलनलाई निर्देशक पाण्डेले पर्दामा उतारेका छन।

हुम्लाको लामा समुदायमा अहिले पनि दाजुभाइका लागि एउटै श्रीमती बिहे गर्ने चलन छ। एउटै श्रीमतीसँग रमाइरहेका र विद्रोह गरेका तीन वटा परिवारको कथालाई बृत्तचित्रले उठाएको छ।

साइन मिडिया प्रालिका लागि शारदा गैरेले निर्माण गरेको बृत्तचित्रको प्रमुख सहायक निर्देशक एवं दृश्य सम्पादक ईश्वर कोइराला र सहायक निर्देशक नृपराज हमाल हुन।

यसैगरी, ईश्वर कोइराला, चन्द्रमान डंगोल, अविनाश लामा र राधेश्याम तिमिल्सिनाले यो डकुमेन्ट्रीलाई क्यामरामा कैद गरेका हुन। बृत्तचित्रमा संगीत संयोजन संगीतकार जुगल डंगोलको रहेको छ।

# नेपाली चलचित्र प्रदर्शनलाई प्राथमिकता दिन जोड




नेपाल चलचित्र कलाकार संघको आयोजनामा सम्पन्न 'नेपाली चलचित्र क्षेत्रको समस्या र चलचित्रकर्मीहरूको अवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा विदेशी चलचित्रको प्रदर्शनमा मापदण्ड बनाई नेपाली चलचित्र प्रदर्शनलाई विशेष प्राथमिकता राख्नुपर्नेमा सबैले जोड दिएका छन्।

संघका अध्यक्ष रवीन्द्र खड्काको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा चलचित्र विकास बोर्डका सदस्य सचिव टंक महतले विकास बोर्ड समग्र चलचित्र उद्योग र चलचित्रकर्मीहरूको उत्थानमा लागिरहेको बताउँदै छिट्टै प्रभावकारी चलचित्र नीति ल्याउने तयारीमा बाेर्ड लागेको बताए।

कार्यक्रममा चलचित्रकर्मी मोहन निरौला र सञ्चारकर्मी शान्तिप्रियले प्रस्तुत गरेको अवधारणा अधिवक्ता कृष्ण ढुङ्गाना, सञ्चारकर्मी कृष्ण भट्टराई, सङ्गीतकार सन्तोष श्रेष्ठ र सञ्चारकर्मी डब्बु क्षेत्रीले आ-आफ्नो धारणा राखेका थिए।

चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष दयाराम दाहालले बोर्डले महामारीको मारमा परेका चलचित्रकर्मीहरूलाई थोरै भए पनि राहत दिएको र आफ्नो कार्यकालमा चलचित्रकर्मीहरूको उत्थान र प्रोत्साहनका लागि स्टोरी बैंकको अवधारणा कार्यान्वयनमा ल्याएको जानकारी दिए।

अभिनेता गोपाल ढकालले सहजीकरण गरेको कार्यक्रममा अभिनेता कृष्ण मल्ल, भुवन केसी, लय सङ्ग्रौला, निर्माता संघका अध्यक्ष आकाश अधिकारी, निर्देशक समाजका महासचिव जनकदीप पराजुली, चलचित्र संघका पूर्वअध्यक्ष प्रदीप उदयलगायतका वक्ताहरूले आ-आफ्नो धारणा राखेका थिए।

# पवनले ल्याए 'माया बस्यो है'



नेपाल आइडलबाट चर्चामा आएका गायक पवन गिरीले आफ्नै स्वर, शब्द र संगीतमा नयाँ गीत 'माया बस्यो है' ल्याएका छन्। मायाप्रेमका बिषय समेटिएको गीतको भिडियो पनि बनेको छ। जसमा साक्षी लम्साल, बिष्णु खरेल र सरोज केसीको अभिनय देख्न सकिन्छ।

अनुप चापागाईको निर्देशन रहेको भिडियो राज पोखरेलले छायाँकन गरेको हुन्। विकास दाहालको सम्पादन गरेका भिडियो गिरीको आधिकारिक युट्युव 'पवन गिरी अफिसियल' मार्फत सार्वजनिक भएको हो।

गिरीका यस अगाडि 'बधाई छ', 'मिल्टेरिको जुत्ता', 'म जे छु', 'मलाई एकछिन देउ' लगायत थुप्रै गीत सार्वजनिक भएका थिए। जुन दर्शकले समेत रुचाएका छन्।




## मिस नेपाल २०२२ को ताज प्रियंका जोशीलाई

सन् २०२२ को मिस नेपालको ताज प्रियंका रानी जोशीले पहिरिएकी छन् । काठमाडौंमा भएको ग्राण्ड फिनालेमा अन्य प्रतिस्पर्धीलाई पछि पार्दै जोशी मिस नेपाल २०२२ बनेकी हुन् ।

त्यस्तै सरिशा श्रेष्ठ मिस नेपाल अर्थ र न्यान्सी खड्का मिस नेपाल इन्टरनेशनल घोषित भए । गोदावरीको नवनिर्मित सनराइज कन्भेन्सन सेन्टरमा भएको फिनालेमा २४ जनाले प्रतिस्पर्धा गरेका थिए । प्रियंकालाई पूर्व मिस नेपाल नम्रता जोशीले ताज लगाइदिएकी थिइन् । यस वर्षको मिस नेपाल प्रतियोगिताको लागि झन्डै ८०० जना प्रतिस्पर्धीले आवेदन दिएका थिए । प्रतियोगिताको आयोजना द हिडन ट्रेजरले गरेको हो ।

## गायिका इन्दिरा विवाह बन्धनमा



चर्चित गायिका इन्दिरा जोशीले प्रेमी शरद केडियासँग विवाह गरेकी छन् । उनीहरूको विवाह समारोह चितवनको बाराही जंगल लजमा आयोजना गरिएको हो ।

जोशी र केडिया केहि वर्षयता प्रेम सम्बन्धमा रहेका थिए । उनीहरूले आफ्नो प्रेमलाई विवाहमा परिणत गरेका हुन् ।

विवाहमा दुवैका परिवार, सीमित आफन्त र साथीभाइको उपस्थिती रहेको थियो । इन्दिराले विवाहको तस्वीर सार्वजनिक गर्दै आफूलाई माया र आशीर्वाद दिने सबैलाई धन्यवाद दिएकी छिन् ।





फणिन्द्र दाहाल

## वाह... फ्री भिसा फ्री टिकट !

वैदेशिक रोजगारमा जानका लागि फ्री भिसा फ्री टिकट । अर्थात विदेशमा काम गर्न जानका लागि हवाई टिकट वा भिसाको कुनै पैसा तिर्नु पर्दैन । यो सुन्दा जति आनन्द आउँछ नि कार्यान्वयन भयोकी भएन भनेर बुझ्दा त्यति नै दिक्क लागेर आउँछ ।

झण्डै दुई बर्ष कोभिडका कारण वैदेशिक यात्रा वा वैदेशिक रोजगारमा रहेका नेपालीको स्थलगत अध्ययन गर्न नपाएर थुनिए झैं भएको यो स्तम्भकार केहि दिनका लागि मलेसिया उड्ने निश्चित भयो । मलेसियाले भिजिट भिसा खुल्ला गरेर क्वारेन्टाइन बस्नु पर्ने प्रावधान हटाएपछि अहिले मलेसिया जाने बाटो खुलेको हो ।

वैदेशिक रोजगारका लागि मलेसिया झण्डै ३ बर्षपछि खुलेको हो । नेपाल सरकारले एकतर्फीरुपमा एक बर्षभन्दा बढि बन्द गरेको मलेसिया रोजगारी कोरोनाका कारण थप अवरुद्ध हुन पुग्यो । पछिल्लो समय कोरोना महामारीको अवस्था सामान्य बनेसँगै मलेसिया रोजगारी अब भने लयमा फर्कन लागेको छ । मलेसिया र नेपाल सरकारबीच फ्री भिसा फ्री टिकट लागू गर्ने र कामदारलाई आर्थिक भार थोपर्न नपाइने प्रावधानसहित दुई पक्षिय सम्झौता भएको छ ।

मलेसियामा नेपालीहरूको माग अत्याधिक रहेकोले त्यहाँ कार्यरत नेपालीहरूको स्थलगत अध्ययन र लामो समयपछिको विदेश यात्राका लागि म त्रिभुवन विमानस्थल पुँगे । विमानस्थलमा पहिलेकोभन्दा केही सुधार भएको रहेछ, केही सफा र चिटिक्क पनि बनाइएको रहेछ ।

म हिमालय एयरलाइन्समार्फत क्वालालाम्पुरको यात्रा तय गर्नका लागि जहाजमा पुग्दा प्राय सबै सीट भरिएका थिए । जहाजमा रहेका अधिकांश मलेसियामा काम गर्नका लागि उडेका थिए । संयोगबश मसँगैको सीटमा इलामका एक युवा आएर बसे । उनी भन्दै थिए- बल्ल बल्ल उड्न पाइयो ।

मैले उनलाई सोधिहाले- काम कै लागि हो ? उनले सटिक उत्तर दिदै भने-'म घुम्न जाने जस्तो छु र ? २ लाख १० हजार तिरेर वैदेशिक रोजगारका लागि आएको नि, स्वदेशमा केही गर्न सकिएन' उनको जवाफले मलाई झस्क्यायो । वैदेशिक रोजगारका लागि सरकारले ल्याएको 'फ्री भिसा फ्री टिकट'को प्रावधान यही हो त ! अनि जहाजमा चढेका सबैको अनुहार हेर्दा त्यही प्रश्नले गिज्याइरहेको थियो ।

मलेसियाको राजधानी क्वालालाम्पुरको एक होटलमा पुग्दा नेपालका एक दर्जनभन्दा बढि मेनपावर व्यवसायीसँग भेट भयो । उनीहरू भन्दै थिए, मलेसियामा अहिले नेपालका सबैजसो मेनपावरका संचालक ओर्लिएका छन् । मलेसियाले लामो समय विदेशी कामदार लिन रोकेपछि अहिले नेपाली कामदारको डिमाण्ड धेरै रहेकाले मार्केटिङका लागि व्यवसायी त्यहाँ पुगेका रहेछन् ।

मलेसियाका कम्पनीले 'फ्री भिसा फ्री टिकट', अझ केही कम्पनीहरूले त जिरो कष्टमा नेपाली कामदारको माग गरिरहेको अवस्था छ । एक जना व्यवसायी भन्दै थिए- 'हाम्रै व्यवसायीहरूले फ्रीमा पाउने डिमाण्डलाई ४ हजार रिंगेटसम्म पुर्‍याइरहेका छन् ।' डिमाण्ड ल्याउनका लागि एक जनाको ४ हजार तिर्नु भनेको कामदारलाई आर्थिक भार थप्नु हो । अनि फेरि मैले सम्झिएँ - वाह...!, फ्री भिसा फ्री टिकट !

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री टेकबहादुर गुरुङले २०७२ साल असार २१ गतेदेखि खाडीका ६ मुलुक र मलेसियामा 'फ्री भिसा,फ्री टिकट'को ब्यवस्था लागू गरेकोमा अहिलेसम्म पनि यो विषयले गिज्याइरहेको देख्दा म चकित हुन्छु । सरकारले लागू गर्न सक्दैन भने विदेश जाने युवालाई १० हजारको मात्र रसिद किन थमाउनु ? मेनपावर व्यवसायीले पठाउन सक्दैनन् भने किन कागजीरुपमा पठाउँछु भनेर सरकारी प्रकृया पुरा गर्नु ? कामदारले पनि सरकारले तोकेको भन्दा बढि तिरेर किन उड्नु ? यो प्रश्नले मलाई गिजोलिरहन्छ, पिरोलिरहन्छ ।

# बचत गर्दा ध्यान दिऔं ।

सहकारी लगायत वित्तीय
संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

**हो भने,**

त्यस्ता संस्थाको वित्तीय
विश्वसनियताको परीक्षण गर्न नबिर्सौं।
अधिक लाभको लोभमा नफसौं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

Crystal Diagnostic
Screening for Clarity

CERTIFIED ISO 9001:2015 COMPANY

Trusted Solutions, Not Just Results

# Protect Your Health, Diagnose Earlier.

'A' grade pathology laboratory certified by NPHL, Government of Nepal

## OUR SERVICES

- Antigen Testing
- Biochemistry
- Cytology
- Flucytrometry
- Haematology
- Histopathology
- Immunochemistry
- Immunofluorescence
- Immunology
- Microbiology
- Molecular RT-PCR Test
- Molecular Diagnostics
- Various Allergy Testing
- Virology

Contact: 01-4561020/21/30
Mobile: 9802302157, 9802301020
Address: Sinamangal, Kathmandu
Visit Website: www.crystaldiagnosticlab.com


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# विदेशबाट आएको पैसा
# नेपालको कुनै पनि स्थानबाट



विदेशबाट आएको रकम नेपालको कुनै पनि स्थानबाट प्राप्त गर्नुहोस्

**३५,००० भन्दा बढी स्थानबाट**

**#Fast #Secure #Reliable**

IME International Money Express
Fast, Reliable And Secure Remittance

IME pay

+977 1 4217600, 4430600
4425800 (Fax)
info@imeremit.com.np
facebook/imeremit
www.imeremit.com.np

Toll Free
16600 151515
For NTC Users

Phone
+977 1 4217600, 4217601
For Other Users

म.क्षे.हु.नि.द.नं. ७/०७०/७१

himal remit®
हिमालरेमिट




पुऱ्याउँछौं खुशी

a product of

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com/himalremit

टोल फ्रि १६ ६०० १११ ०००

रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोन: ००९७७-१-४२५०३५४

QR SCAN FOR MORE DETAILS.

Follow us on:
himalremit
@himalremit
@himalremit